समृद्ध नेपाल र सुखी नेपालीको आधार
बालिकाहरूका लागि समान अवसर र अधिकार

बालिकाविरुद्धको
विभेद अन्त्य गरौँ।

# जागृति बाल तथा युवा सरोकार नेपालद्वारा तयार पारिएको बालिकासम्बन्धी नागरिक स्थिति-पत्र र सुझाव २०८०

| | |
|---|---|
| प्रकाशक | जागृति बाल तथा युवा सरोकार नेपाल |
| प्रकाशन प्रति | ३००० |
| प्रकाशन मिति | २०८० चैत |
| प्रकाशन सहयोग | क्यानालान |
| डिजाईन | ईकिगाई टेक्नोलोजी प्रा.ली. (९८४१३०२७०५) |

नोटः यस बालिकासम्बन्धी नागरिक स्थिति-पत्र र सुझाव, २०८० मा प्रकाशित सामग्री स्रोत खुलाई प्रयोग गर्न सकिनेछ तर पुनः प्रकाशन गर्ने अधिकार यस संस्थालाई मात्र हुनेछ ।

# प्राक्कथन


नेपालमा बालिकाहरूका विषयमा विभिन्न समयमा समाचार माध्यमहरूबाट हिंसा, बलात्कार, शोषण, दुर्व्यहार, बेचबिखन, बालविवाह जस्ता घटनाहरू प्रकाशनमा आइरहेको देखिन्छ । तथापी हालसम्म पनि ३३.८४ प्रतिशत जनसंख्या ओगटेका बालबालिकाका सवाल संबोधन गर्न संवैधानिक आयोगको व्यवस्था नहुनु दु:खद विषय हो । बालिकाहरूका निम्ति त झनै कुनै पनि संरचना छुट्टै नहुनु दु:खद मान्न सकिन्छ । बालिकाहरूका निम्ति छुट्टै दिवसको आवश्यकता पर्दछ भन्ने मान्यताका साथ २०१२ देखि अक्टोबर ११ लाई अन्तर्राष्ट्रिय बालिका दिवसको रूपमा मनाइन थालिनु राम्रो पक्षको रूपमा रहेको छ। नीति, कार्यक्रम र बजेटमा सधै ओझेलमा परिरहेका बालिकाको सवालहरूमा तिनै तहका सरकार सहित घर, परिवार, समुदाय, विद्यालय, नागरिक संघसंस्था, विकास साझेदारहरू, राजनीतिक पार्टी तिनका जनवर्गीय सङ्गठन, नेतृत्वलाई थप सचेत र सूचित बनाउनुपर्ने आवश्यकता विद्यमान रहेको छ । आजका जिम्मेवार साझेदार नागरिकहरू बालिका र किशोरीका सवालमा राजनीतिक पार्टीका घोषणा-पत्रहरूमा समेत प्रस्ट उल्लेख गरिएको पाइदैन । किशोरी, बालिका अधिकारको संरक्षण, प्रवर्द्धन, विकास, सहभागिताको शुनिश्चित गर्न, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतिबद्धता ऐन, कानुनको कार्यान्वयनको निम्ति नियमित पैरवी गर्न जरुरी छ ।

यसै सन्दर्भमा जागृति बाल तथा युवा सरोकार नेपाल २००१ मा बालक्लबका पूर्व सदस्यहरूद्वारा स्थापित भई जिल्ला प्रशासनमा दर्ता भई निरन्तर बालबालिका, युवा, बालिका सशक्तिकरण, विपद्मा राहत सहयोग, बालमैत्री, युवामैत्री, पोषणमैत्री, लैङ्गिकमैत्री लगायत विभिन्न कार्यक्रम तथा अभियानहरू निरन्तर गर्दै आईरहेको छ । जागृति बाल तथा युवा सरोकार नेपालले क्यानालान, (KANALLAN) को सहयोगमा बालिका तथा किशोरी मैत्री र संवेदनशील कार्यक्रम, नीति तथा संरचनाको पैरवीमा सन् २०१८ देखि कार्य गर्दै आइरहेको सन्दर्भमा यो स्थिति-पत्र र सुझावको तयार गरी वितरण गरेको छ । यो स्थितिपत्रले बालिका तथा किशोरीहरूका अधिकार संरक्षण, संवर्धन तथा पैरवी गर्न सबै सरोकारवालाको लागि सहयोगी हुने अपेक्षा गरिएको छ। बालिकासँग सम्बन्धित विद्यमान कानुनी व्यवस्था, बालिकामाथि हुने गरेका हिंसा, दुर्व्यवहार, उपेक्षा, बेचबिखन, अनलाइन सुरक्षा, बालमैत्री शासन, बालविवाहको अवस्था बालिकामाथि हुने सबैप्रकारका हिंसाको तथ्यगत अवस्था, नागरिक समाजका तर्फबाट बालिकाको अधिकार संरक्षणका निम्ति सरोकारवालालाई सुझाव लगायतका विषयहरूको यस स्थितिपत्रमा समावेश गरिएको छ ।

विभिन्न माध्यमबाट संकलन गरिएको सुझाव, वयस्क तथा बालबालिकासँगको छलफल र विभिन्न सन्दर्भ सामग्रीको आधारमा बालिकासम्बन्धी नागरिक स्थिति-पत्र र सुझाव तयार गरिएको हो । यस पत्र तयारी तथा प्रकाशनका निम्ति सहयोग, संयोजन, सम्पादन, सुझाव प्रदान गर्ने, सबैमा हार्दिक धन्यवाद दिदैं यसमा उठाईएका सवालहरूलाई कार्यान्वयन गर्न आ-आफ्नो ठाउँबाट योगदान गर्न अनुरोध गर्दछु ।

तिलोत्तम पौडेल

अध्यक्ष





# नेपालमा बालिकाहरूको अवस्था

## १. पृष्ठभूमि

१८ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई बालबालिका भनेर बालबालिका सम्बन्धी ऐन, २०७५ ले परिभाषित गरेको छ। बालिकाहरूले बालकको तुलनामा सामाजिक, सांस्कृतिक र लैङ्गिक हिसाबले फरक भूमिका राख्ने धारणा हाम्रो समाजमा रहेको छ। जैविक लिङ्गका हिसाबले बालक र बालिकामा फरक भए तापनि सामाजिक, सांस्कृतिक र परम्परागत हिसाबले बालिकामाथि विभेद हुनु दुःखद् पक्ष हो। बालिका तथा किशोरीहरूमाथि हुने गरेका हिंसा, दुर्व्यवहार, शोषण, उपेक्षा, हेला, अपहेलना लगायत विभिन्न कारणहरूबाट उनीहरू अवसरबाट वञ्चित हुन पुगेका छन्। पराई घरजाने जात, दाइजो दिनु पर्ने र विवाह गर्न खर्चिलो हुने व्यक्ति, छोरीमा गरिएका लगानी अर्काको लागि, छोरी भएपछि घरायसी काम सिक्नुपर्छ, यस्तो गर्नुपर्छ/त्यस्तो गर्नुपर्छ भन्ने मान्यताको सिकार हुनु, हिंसा र दुर्व्यवहारमा त झनै बढी हुने व्यक्तिका रूपमा बालिकाहरू पर्ने गरेका छन्।

बालिकाका विषय बालकको तुलनामा झनै थप संवेदनशील रहेको हुन्छ। हाम्रो समाजमा बालक र बालिका बीचमा निकै ठूलो विभेद अझै पनि कायम रहेको देखिन्छ। गर्भमा आएदेखि नै बालिका भएका कारणनै भ्रुण हत्या गर्नेदेखि जन्मिएपछि पनि विभेदकारी सामाजिक र सांस्कृतिक सोचले बुवाआमामा थप भारको गलत व्याख्या र छाउदेखि दाइजो प्रथासम्मको हानिकारक अभ्यासलगायत धेरै कुराहरूमा बालिका भएकै कारण विभेद सहनु पर्ने अवस्था विद्यमान रहेको छ। विद्यमान कानुनी व्यवस्थाहरूमा बालक र बालिका बीच समान अधिकारको व्यवस्था गरिएको भएतापनि हाम्रो सोच र व्यवहारमा अझै परिवर्तन आउन सकेको देखिदैन।

वि.सं. २०७८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २९१६४५७८ मध्ये ३३.८४% (९८६९५८३) १८ वर्ष भन्दा कम उमेरका बालबालिका *(२०७८ मंसिर ६ गते सर्वोच्च अदालतले परिभाषित गरेको बालबालिकाको उमेर अनुसार जन्मेको दिनलाई एकदिन गणना गर्दा ६५७० दिन भित्रका व्यक्तिलाई नेपालको बालबालिकासम्बन्धी ऐन, २०७५ ले परिभाषित गरेको बालबालिकाको उमेर हुने उल्लेख रहेको छ)* को रहेको छ। जसमध्ये बालिकाहरूको संख्या ४७५५०७८ (४८.१७%) रहेको छ। समग्र जनसंख्यालाई हेर्दा पुरुषको संख्या ४८.८७ प्रतिशत रहेको छ भने महिलाको संख्या ५१.१३ प्रतिशत रहेको छ। १४ वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या ८११५५७५ मध्ये बालकको ५२.१२ प्रतिशत र बालिकाको ४७.८७ रहेको छ भने ५ वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या ३००७६४८ मध्ये बालकको ५२.८५ प्रतिशत र बालिकाको ४७.१४ रहेको देखिएको छ। तर बालबालिकाको कुल जनसंख्यामा बालिकाको संख्या क्रमशः घट्दै जानुले समाजमा छोराप्रतिको अत्यधिक चाहना र प्राथमिकताका कारणले लैङ्गिक पहिचान गरी छोरी भएमा गर्भपतन गराउने प्रवृत्तिको विकास भएको वा बालिकामाथि हेरिने दृष्टिकोणमा नै विभेद हुँदै आएको अनुमान गर्न सकिन्छ।

विद्यमान कानुनी व्यवस्थाहरूले बालिकाको समान अधिकारको व्यवस्था गरेको भए तापनि व्यवहारिक कार्यान्वयनको पाटोमा प्रयाप्त प्रयास नभएको स्पष्ट देखिएको छ। नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाच्न पाउने हक, धारा १८ ले समानताको हक, धारा २४ ले भेदभाव विरुद्धको हक, धारा २९ ले शोषण विरुद्धको हक, धारा ३१ ले शिक्षा सम्बन्धी हक र धारा ३५ ले स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ। धारा ३८ महिलाको हकमा (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने, (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने, (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने

र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने, (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ ।

संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, उपधारा (६) मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५ मा भेदभाव विरुद्धको अधिकारमा कुनै पनि बालबालिकालाई निज, निजको परिवार, संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य कुनै आधारमा भेदभाव गर्न नहुने व्यवस्था रहेको छ ।

बालबालिकाको जन्मको अवस्थालाई हेर्ने हो भने केन्द्रीय तथ्याङ्क विभाग (२०७८) को प्रतिवेदन अनुसार प्रति १०० बालिका बराबर १०७ बालकको संख्या रहेको देखिएको छ । यु.एन.डि.पी.ले प्रकाशन गरेको मानव विकास सूचकाङ्क प्रतिवेदन (सन् २०२३) अनुसार नेपालमा पुरुषको मानव विकास सूचकाङ्क ०.६१२ भइरहँदा नेपाली महिलाको मानव विकास सूचकाङ्क ०.५४९ रहेको छ । त्यसैगरी लैङ्गिक भेदभावको अवस्थाको सूचकाङ्कमा नेपाल सहित १६२ राष्ट्रमध्ये १४३ औं राष्ट्रको स्थानमा रहेको छ ।

यसै पृष्ठभूमिमा बालिकाका सवाललाई थप प्राथमिकताको विषयवस्तु बनाइनु पर्दछ भन्ने मान्यता यस स्थिति-पत्रले राख्दछ । बालिका अधिकारका लागि आवश्यक नीतिगत व्यवस्था, असल अभ्यास, कार्यक्रम तथा सेवा प्रवाह र सामाजिक एवं सांस्कृतिक रूपान्तरणको आवश्यकता र औचित्यतालाई सार्वजनिक जानकारीमा ल्याउन तथा नीति निर्माता र कार्यान्वयनकर्ताहरूको ध्यानाकर्षण गर्न यो स्थिति-पत्र तयार पारिएको हो ।

## १. बालिका अधिकारसँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्थाहरू

### क) बालिकाका विषयमा सरोकार राख्ने अन्तर्राष्ट्रिय महासन्धिहरू

नेपाल संयुक्त राष्ट्र संघबाट अनुमोदित ९ वटा अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरू मध्ये ७ वटाको पक्ष राष्ट्र हो । ती मानव अधिकार महासन्धिहरूले बालिका र महिलाको समानता तथा अधिकारको पक्षमा राज्यको दायित्व रहने व्यवस्था गरेका छन् । बालिकासँग सम्बन्धित मानव अधिकार महासन्धिहरूको प्रावधानलाई निम्नानुसार उल्लेख गरिएको छ :

- **संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९** ले बालबालिकामा भेदभाव, हिंसा, शोषण र दुर्व्यवहारलाई अन्त्य गर्न राज्यको दायित्वको रूपमा व्यवस्था गरेको छ । त्यसैगरी शिक्षा, स्वास्थ्य र पोषण एवम् सहभागिताको अधिकारलाई सम्पूर्ण बालबालिकाको आधारभूत अधिकारको रूपमा व्यवस्था गरेको छ । पक्ष राष्ट्रहरूले प्रत्येक बालबालिकालाई निजको वा निजका बाबुआमाको वा कानुनी संरक्षकको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जेसुकै भए तापनि कुनै पनि किसिमको भेदभाव गर्न नहुने विषय उल्लेख गरेको छ । यसै गरी संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूमा प्रत्येक व्यक्तिलाई तिनमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरू

जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता आधारमा कुनै पनि किसिमको भेदभावबिना उपभोग गर्न पाउने अधिकार भएको कुरा उल्लेख गरिएको छ भने सबै धाराहरूमा बालिकाका अधिकार प्रत्यक्ष, अप्रत्यक्ष रूपमा समाहित भएका छन् ।

- **संयुक्त राष्ट्र संघको महिलाविरुद्ध हुने सबै खाले भेदभाव निर्मूलन गर्ने महासन्धि** (१९७९) ले महिला र बालिकालाई समाजका सबै क्षेत्रमा पुरुष र बालकसरह समान अधिकार प्रत्याभूत गरिनुपर्ने र कुनै पनि रूपमा महिला र बालिका विरुद्धको भेदभाव गर्न नहुने कानुनी व्यवस्था गरेको छ । उक्त महासन्धिले बालविवाहलाई कानुनतः निषेधित गर्न तथा माध्यमिक शिक्षामा बालिकाहरूको समान अवसर र सहभागिता सुनिश्चित गर्न राज्यले कानुनी व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । त्यसैगरी नेपाल सरकारले मानव बेचबिखन विरुद्धको पालेर्मो प्रोटोकललाई अनुमोदन समेत गरिसकेको छ ।

- **अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि** (**सन् २००८**) मा अपाङ्गता भएका बालिकाहरूले थप जोखिम र भेदभाव भोग्नुपर्ने अवस्थालाई स्वीकार गर्दै राज्यले अपाङ्गता भएका महिला र बालिकाहरूलाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ ।

- **दिगो विकास लक्ष्य २०३०** को लक्ष्य नं. ५.२ मा मानव बेचबिखन र यौन शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका, किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने, लक्ष्य ८.७ मा बाध्यकारी श्रम, आधुनिक दासत्व र मानव बेचबिखन उन्मूलन गर्न तत्कालीन र प्रभावकारी उपायहरू अपनाउने र लक्ष्य १६.२ ले दुरुपयोग, शोषण, तस्करी र बालबालिका माथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने भनी उल्लेख गरेको छ । नेपालले सन् २१०० सम्ममा बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक र अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने, मानव बेचबिखन तथा ओसार-पसारको जोखिममा रहेका समूह/समुदायको सामाजिक-आर्थिक रूपान्तरण गर्ने, गरीबीको रेखामुनी रहेका जनसंख्या एकल अङ्कमा ल्याउने, उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने लक्ष्य लिएको छ ।

## ख) बालिका सम्बन्धी राष्ट्रिय कानुनी व्यवस्थाहरू

- **नेपालको संविधान** : नेपालको संविधानको धारा ३९ को १० वटा उपधारामा बालबालिकाको हकलाई उल्लेख गरी बाल अधिकारको संरक्षण र संवर्धनको व्यवस्था गरेको भए तापनि बालिकाका हक अधिकारका विषयलाई छुट्टै भने उल्लेख गरिएको छैन ।

- **बालबालिका सम्बन्धी ऐन, २०७५** का व्यवस्थाहरूमा दफा ५ मा भेदभाव विरुद्धको अधिकार, दफा ११ मा गोपनीयताको अधिकार, दफा ६६ मा बालबालिका विरुद्धको कसूरहरूको बारेमा उल्लेख गरिएको छ । उक्त ऐनले बालबालिका विरुद्ध हुने कसूरलाई सरकारवादी मुद्दाको सूचीमा उल्लेख गरेको छ भने बालअधिकार उल्लंघनको न्यायिक सुनवाईको व्यवस्था स्थानीय तह न्यायिक समितिबाट हुन सक्ने व्यवस्था गरेको भए तापनि बालिकाका सवाललाई छुट्टै व्यवस्था भने गरेको छैन ।

- **शिक्षाको हक सम्बन्धी ऐन, २०७५** का व्यवस्थाहरूमा दफा ७ मा अनिवार्य रूपमा बालबालिकालाई विद्यालयमा भर्ना गराउनु पर्ने, दफा २३ मा मासिक रूपमा छात्रवृत्ति प्रदान गर्न सकिने व्यवस्था, दफा २४ मा स्वास्थ्य उपचार तथा दफा २५ मा  दिवा खाजा सम्बन्धी व्यवस्था रहेका छन् । यी सबै विषयहरू बालिकाका सवालमा पनि आकर्षित हुन्छन् तर बालिकाका निम्ति कुनै पनि छुट्टै विषय भने उठान भएको पाइदैन ।

- **जनस्वास्थ्य सेवा ऐन, २०७५** मा बालबालिका, किशोरकिशोरीका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्न स्थानीय तह तथा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ भनी दफा ४७ को उपदफा १ मा स्पष्ट व्याख्या गरिएको छ ।
- **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५** को दफा (२) को खण्ड (ग) मा किशोरकिशोरी भन्नाले दश वर्षदेखि उन्नाइस वर्षको उमेर समूहको व्यक्ति सम्झनु पर्छ भनी परिभाषित गरिएको छ । साथै, दफा (३) को उपदफा (१) बमोजिम किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएको छ । दफा (१५) मा निश्चित अवस्थामा सुरक्षित गर्भपतन गर्न पाउने अधिकार, दफा (१६) मा बलपूर्वक गर्भपतन गराउन नहुने र दफा (१७) मा लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने व्यवस्था उल्लेख छ । किशोरी तथा अपाङ्गमैत्री सेवा प्रदान गर्नुपर्ने व्यवस्था दफा (२८) मा उल्लेख गरिएको छ ।
- **अपराध पीडितको हकसम्बन्धी ऐन, २०७५** का व्यवस्थाहरूमा फौजदारी अपराधबाट पीडित सबै व्यक्तिहरूलाई राज्यबाट पुनर्स्थापनाको सहायता हुने, सुनुवाइका दौरान सुरक्षा तथा सूचनाको हक हुने र अन्तरिम क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।
- **मुलुकी अपराध संहिता, २०७४** को दफा १६० मा लिङ्गका आधारमा भेदभाव गर्न नपाइने, दफा १६३ मा दास बनाउन नहुने, दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने दफा १७३ मा बालविवाह गर्न नहुने, दफा १८८ मा करकापमा परेर गर्भपतन गर्न नहुने, दफा १८९ मा गर्भपतन गराउन सक्ने, दफा २१९ मा जबर्जस्ती करणी गर्न नहुने र दफा २२५ मा बालयौन दुरुपयोग गर्न नहुने व्यवस्था रहेको छ ।
- **मुलुकी देवानी संहिता २०७४** को दफा १८ मा लिङ्गका आधारमा भेदभाव गर्न नपाइने, भाग-३ दफा ७० देखि ७२ सम्म २० वर्ष भन्दा मुनिको व्यक्ति बीच विवाह हुन नहुने र भईहाले सो विवाह बदर हुने र दफा १२७ मा आमाबाबुले आफ्नो छोराछोरीको बीच कुनै किसिमले भेदभाव गर्न नपाइने उल्लेख गरिएको छ ।
- **बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६** (संसोधन २०७५) ले १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई कुनै पनि श्रममा र १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नपाइने र लगाएमा सजायको व्यवस्था गरेको छ ।
- **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र सजाय गर्ने ऐन, २०६४ (संसोधन २०७६)** ले मानव बेचबिखन तथा ओसारपसार गर्न नपाइने र गरेमा बालबालिका बिरुद्ध कसूर गरेको भए थप सजाय हुने, ऐनले उद्धारसम्बन्धी तथा पूर्नस्थापनाको जिम्मेवारी नेपाल सरकारको रहने व्यवस्था गरेको छ । यो जिम्मेवारी विदेशमा बेचिएका व्यक्तिको उद्धारका लागि पनि लागू हुनेछ र यसका लागि पारस्परिक कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ । सजायको छुट हुने व्यवस्थामा पनि बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा त्यस्तो छुट नहुने व्यवस्था छ ।
- **खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५** ले पोषणको राम्रो व्यवस्था हुनुपर्ने विषयमा प्राथमिकता दिएको छ र यो कानुन पूर्णरूपमा पोषण र मानिसको खाद्य अधिकारसँग सम्बन्धित रहेको छ ।
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले बालबालिकाका सबै सवालहरूको सम्वोधन गर्ने पहिलो घरदैलोको सरकारको प्रत्याभूति दिलाउनु पर्ने कुरा उल्लेख गरेको छ । ऐनले स्थानीय तहमा नै बाल संरक्षण प्रणालीको व्यवस्था गरी बालबालिकाका सबै मुद्दाको सम्वोधन गर्नुपर्ने गरी स्थानीय तहलाई जिम्मेवारी दिएको छ । आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था, महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्ने, सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन

भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन र व्यवस्थापन, अनुगमन र नियमन गर्ने, बालक्लब तथा बालसञ्जालको सञ्चालन तथा व्यवस्थापन गर्ने, वडा तथा स्थानीय तहलाई बालमैत्री बनाउने, स्थानीय तहभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने लगायतका बालिका अधिकारको सुनिश्चिततासँग सम्बन्धित क्रियाकलाप स्थानीय तहले गर्नुपर्ने व्यवस्था  रहेको छ ।

- **बालबालिका सम्बन्धी नियमावली, २०७८** जारी भई कार्यान्वयनमा रहेको छ भने यसले बालबालिका सम्बन्धी ऐनमा भएका प्रावधानलाई थप व्याख्या गरेको छ र बालक तथा बालिका बीच हुने विभेदको अन्त्य तथा समानताका निम्ति थप व्यवस्था गर्दै स्थानीय तहमा बाल संरक्षण प्रणालीको समेत व्यवस्थालाई मजबुद बनाउन ढोका खोलिदिएको छ ।
- **नेपाल सरकारद्वारा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन), २०७९ ऐन** जारी भइ कार्यान्वयनमा रहेको छ ।

## ग) बालिका अधिकारको संरक्षण र संवर्धनका निम्ति विद्यमान नीति तथा कार्यक्रमिक व्यवस्थाहरू

- सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र-संघको महासभाबाट पारित **दिगो विकास लक्ष्य** र कार्यक्रमहरू सन् २०३० सम्म सदस्य राष्ट्रहरूको विकासका नीति, कार्यक्रम तथा योजनाहरूका लागि मार्गदर्शक दस्तावेज हो । नेपालले पनि दिगो विकास लक्ष्य र यसका सूचकहरू बमोजिम आफ्नो राष्ट्रिय दिशानिर्देश तय गरी १७ लक्ष्यहरू अर्न्तगत ४९६ सूचकहरू तयार गरी कार्यान्वयन तथा प्रगतिको समीक्षा समेत नियमित रूपमा भैरहेको छ । १७ वटा लक्ष्यहरू मध्ये लक्ष्य (१) गरिबीको अन्त्य, (२) भोकमरीको अन्त्य, (३) स्वास्थ्य जीवनको सुनिश्चितता, (४) गुणस्तरीय शिक्षा, (५) लैङ्गिक समानता, (८) समावेशी, दिगो र फराकिलो आर्थिक वृद्धि, (१०) असमानताको अन्त्य, (११) समावेशी, सुरक्षित र दिगो मानव वस्तीको निर्माण, (१६) शान्ति, न्याय र बलियो संस्थाहरू जस्ता ९ वटा लक्ष्यहरूले बालिकासँग प्रत्यक्ष सरोकार राख्दछन् ।
- **राष्ट्रिय बालबालिका नीति २०८०** ले बाल अधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण गर्ने दीर्घकालीन सोच राखेको छ भने बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु, बालबालिका विरुद्ध हुने शारीरिक र मानसिकलगायत सबै प्रकारका हिंसा विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्देश्य लिएको छ । रणनीति ११.५ मा धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने, ११.६ मा बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न संघ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने रहेको छ । यी सोच, नीति र रणनीतिहरूले बालिकाको अधिकारलाई समेत सुनिश्चित गर्ने अपेक्षा गर्न सकिन्छ ।
- आमा र शिशुमा दीर्घ कुपोषण न्यूनीकरण गर्न तथा पोषणको स्थितिमा सुधार ल्याउन **बहुक्षेत्रीय पोषण योजना** (२०६९- २०७४) र यसैको निरन्तरता स्वरुप आगामी दश वर्षभित्रमा महिला, बालबालिका तथा किशोरीमा हुने कुपोषण हटाई मानवपूँजीको विकास गर्ने दीर्घकालीन सोच सहित **बहुक्षेत्रीय पोषण योजनाको दोस्रो चरण** (२०७५/७६-२०७९/८०) कार्यान्वयनमा आइसकेको छ । यस योजनाको लक्ष्य

पोषण विशेष, पोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धी कार्यक्रमहरूको विस्तार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउनु रहेको थियो । यसले स्वास्थ्य, कृषि तथा पशुपन्छी, खानेपानी तथा सरसफाई, शिक्षा, महिला तथा बालबालिका र शासकीय प्रबन्ध जस्ता ६ वटा क्षेत्रहरू मार्फत पोषण अवस्था सुधार गर्न प्रत्यक्ष भूमिका पहिचान गरेको छ । बहुक्षेत्रीय पोषण योजनाले राज्यको समग्र पोषण अवस्थामा सुधारको लागि सम्बद्ध विभिन्न क्षेत्रहरूको समन्वयात्मक पहल र प्रयासमा जोड दिएको छ ।

- **बहुक्षेत्रीय पोषण योजना (तेस्रो)** (२०७९/८०-२०८७/८८) हाल नेपाल सरकारबाट भरखरै स्वीकृत भइ कार्यान्वयनमा जाने क्रममा रहेको छ । यस योजनाले समेत पोषण, पोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धी कार्यक्रमहरूको विस्तार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउने उद्देश्य राखेको छ । यस योजनाले जीवनचत्र (Life Cycle Approach) को अवधारणा लिएको छ भने पिछडिएका जाति, जनजाति, दलित, सीमान्तकृत तथा अन्य जाति र वर्ग विशेषको लागि लक्षित कार्यक्रम (Targeted and Tailored Approach) सञ्चालन गर्ने लक्ष्य समेत राखेको छ ।
- **राष्ट्रिय पोषण रणनीति, २०७७** को लक्ष्य "पोषण विशेष" र "पोषण संवेदनशील" सेवाहरूमा पहुँच बढाई नवजात शिशु, बालबालिका, महिला तथा किशोरीहरूमा हुने सबै खाले कुपोषणलाई उल्लेख्य रूपमा घटाएर पोषण अवस्थामा सुधार ल्याउने रहेको छ । साथै बहुक्षेत्रीय पोषण योजना दोस्रोले निर्दिष्ट गरे बमोजिम कुपोषणका समस्यालाई समाधान गर्ने उद्देश्य समेत यस रणनीतिले लिएको छ। पोषणमैत्री स्थानीय शासन निर्देशिका, २०७८ मा महिला, बालबालिका र किशोरीहरूको पोषण अवस्थामा सुधार गर्ने उद्देश्य रहेको छ।
- **प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८** गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्यका साथ कार्यान्वयनको क्रममा छ । रणनीतिले वि.सं. २०८८ सम्ममा गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक लगायत सर्वाङ्गीण विकासको चौतर्फी अवसर सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।
- **एक विद्यालय एक नर्स कार्यक्रम** बागमती प्रदेशमा हाल ५१९ जना विद्यालय नर्सहरू एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत कार्यरत रहेका छन् भने अन्य प्रदेशले पनि यस कार्यक्रमलाई आत्मसात् गर्दै कार्यक्रम अगाडि बढाएका छन् । हाल सातै प्रदेशमा गरी १ हजार भन्दा बढी विद्यालय नर्सहरू कार्यरत रहेका छन् । विद्यालय नर्सहरूका कारण विद्यालयमा पत्रुखानामा नियन्त्रण, बालबालिकाको स्वास्थ्यमा देखिने विभिन्न किसिमका जोखिममा कमी आउनुका साथै बालिकाहरू महिनावारी हुँदा कक्षा छोडेर विद्यालय नजाने तथा स्यानीटरी प्याड माग्न र प्रयोग गर्न लजाउने तथा अप्ठ्यारो मान्ने प्रवृतिमा निकै कमी आएको छ । विशेष गरी बालिकाहरूमा आउने शारीरिक परिवर्तन, स्वास्थ्य समस्या तथा सरसफाइमा समेत विद्यालय नर्स कार्यक्रमले निकै सकारात्मक भूमिका निर्वाह गरेको देखिएको छ ।
- प्रजनन र यौन स्वास्थ्यको विषयमा किशोरकिशोरीले अनुभव गरेका समस्याहरू सम्वोधन गर्न **राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकासको रणनीति, २०५७** लाई २०७५ सालमा पुनरावलोकन तथा सुधार गरिएको छ । यस रणनीतिले किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्यमा सुधार गर्ने लक्ष्य लिएको छ भने किशोरकिशोरी स्वास्थ्य र विकास सम्बन्धी सूचनाको उपलब्धता र सरोकारवालाहरूको उक्त सूचनामा पहुँच बढाउने तथा व्यापकरूपमा चेतना जागरण गर्ने लगायत किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यहरू लिएको छ ।
- **पन्ध्रौं योजना** (२०७६/०७७-२०८०/०८१) ले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ। यसका उद्देश्यहरूमा - क) बालबालिका तथा किशोरकिशोरीको अधिकारको

संरक्षण र प्रवर्द्धन गर्नु, ख) बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु, ग) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु रहेका छन् । **सोहौँ योजनाको** अवधारणा पत्रको संरचनात्मक रूपान्तरणका क्षेत्र तथा रणनीति ५ मा उच्च शिक्षामा समयनिष्ठताको पालना तथा शैक्षिक सुशासन प्रवर्द्धन गर्ने, माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम तथा रोजगार केन्द्रित, "पढ्दै कमाउदै र कमाउदै पढ्दै" अवधारणाको कार्यान्वयन गर्ने, विपन्न तथा जेहेन्दार विद्यार्थी लक्षित छात्रवृत्तिको अनिवार्य र एकद्वार प्रणाली मार्फत समन्यायिक वितरण, विद्यार्थीको शारीरिक, मानसिक र बौद्धिक विकासमा योगदान पुऱ्याउने योग, ध्यान र सकारात्मक सोचमा आधारित शिक्षा प्रणाली, नैतिक शिक्षाको प्रवर्द्धन, युवा प्रतिभालाई स्वदेशमा काम गर्न प्रोत्साहन, रणनीति ६ मा सबै वर्ग, लिङ्ग र उमेर समूहका नागरिकलाई समन्यायिक एवम् विशिष्टीकृत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने, रणनीति ८ मा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्ग, समुदाय र लिङ्गको सशक्तिकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने, सबैका लागि सामाजिक सुरक्षा अवधारणा अन्तर्गत आर्थिक रूपमा विपन्न, शारीरिक तथा मानसिक रूपमा अशक्त र पारिवारिक रूपमा असहाय नागरिकलाई विशेष सामाजिक सुरक्षा कार्यक्रममा आवद्धता गर्ने लगायतका विषय उल्लेख गरिएको छ । जुन विषयहरू बालिकाका सवालसँगपनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएका नै हुनेछन् ।

- **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८** मा भएका ५१ वटा सूचकहरू सबैजसोमा बालिकाका विषयहरू जोडिए तापनि विशेष गरी सूचक नं. ६ सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन 'ए' खुवाइएको, सूचक नं. ७ मा १५ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेको सबै र पूर्ण खोप प्राप्त गर्ने, सूचक नं. ८ मा एचआइभी संक्रमित आमाबाट जोन्मिएका सबै बालबालिकाले ARV Prophyaixis औषधि पाएका हुने, सूचक नं. १५ मा ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुने, सूचक नं. १६ मा निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुने, सूचक नं. १७ मा स्थानीय तह बालविवाह मुक्त भएको हुने, सूचक नं. १८ मा घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुने, सूचक नं. २० मा छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुने, सूचक नं. २३ मा विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना नदिने, सूचक नं. २६ मा ५ देखि १४ वर्ष उमेरका सबै बालबालिका विद्यालयमा हुनुपर्ने, सूचक नं. २७ मा प्रत्येक विद्यालयमा छात्राहरूका लागि छुटै शौचालयको व्यवस्था भएको हुनुपर्ने, सूचक नं. ३२ सबै विद्यालयमा समावेशी आधारमा बालक्लब गठन भएको हुनुपर्ने, सूचक नं. ३५ मा स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकार राख्ने समितिमा १ बालिका सहित बालबालिकाको सहभागिता भएको हुनुपर्ने लगायतका बालिकासँग प्रत्यक्ष सरोकार राख्ने सूचकहरू पूरा गर्नुपर्ने प्रावधान रहेको छ ।
- **विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८** ले विद्यालयलाई शान्ति क्षेत्रको रूपमा स्थापित गर्नुपर्ने र कुनै पनि बहानामा बालबालिकालाई प्रयोग गर्न नपाइने विषय उल्लेख गरी समग्र बालबालिकाका विषयलाई उल्लेख गरिएको भए तापनि बालिकाका विषय छुट्टै उल्लेख गरिएको छैन ।
- **विद्यालय क्षेत्र विकास योजना** (२०७३/०७४-२०७९/०८०) मा अनुकुल वातावरण अन्तर्गत र छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, पानी तथा सरसफाइ लगायत सिकाइ वातावरणमा लैङ्गिक संवेदनशीलताका पक्षहरू क्रमश: समावेश गर्दै जाने र रणनीतिक कार्यक्रमहरू अगाडि बढाइने नीतिको व्यवस्था गरिएको छ ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको **बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना**

(२०७५-२०८५) कार्यान्वयनमा आएको छ। यसले बालिका श्रमिकहरूको समेत विषयको उठान गरेको छ।

- बालमैत्री एवम् लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने परिकल्पनाका साथ २०८७ सम्ममा **बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२** जारी भएको छ। यस रणनीतिमा बालिका र किशोरीको सशक्तिकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीय स्तरसम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। रणनीतिले बालविवाह मुक्त स्थानीय तहमा अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ भने हाल बालविवाह अन्त्य सम्बन्धी रणनीति, २०८० तयारीको चरणमा रहेको छ।
- कोशी प्रदेशले २०८२ सालसम्ममा बालविवाहमुक्त प्रदेश घोषणा गर्ने, बागमती प्रदेशले २०८० सम्ममा बालविवाहमुक्त गर्ने, मधेश प्रदेशले "बेटी बचाऊ, बेटी पढाऊ" अभियानमार्फत बालविवाहलाई न्यूनीकरण गर्ने, सुदूरपश्चिम प्रदेशले "सानै छु म, बढ्न देऊ, बालविवाह हैन, पढ्न देऊ" अभियान सञ्चालन गरेको छ। कर्णाली प्रदेशले बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम, छोरी बुहारी, दलित, अपाङ्गता, सहित सन्तती छात्रवृत्ति, लगायतका कार्यक्रम लागू गरेको छ। स्थानीय तहहरूले बालविवाह निराकरणका लागि बिमा गर्ने नीति समेत लिएका छन्। साथै प्रदेशले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी आफ्नो प्रदेशलाई क्रमश: बालमैत्री किशोरीमैत्री बनाउँदै जाने प्रतिबद्धता समेत व्यक्त गरेका छन्।
- नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि **समावेशी शिक्षा नीति, २०७३** जारी भएको छ।

## ३. नेपालमा बालिकाको हक अधिकारका लागि संरचनागत व्यवस्थाहरू

नेपालमा बालिकाको हक र अधिकारका लागि विशेष छुट्टै संरचनागत व्यवस्थाहरू प्रत्यक्षरूपमा नभए तापनि राज्य संरचनाका काम, कर्तव्य र अधिकार क्षेत्रहरूको विश्लेषण गर्दा बालबालिका तथा महिलासँग सरोकार राख्ने राज्य संरचनाहरू नै बालिकाको लागि पनि जिम्मेवार संरचनाको रूपमा रहेका छन्।

- स्थानीय तहको सरकार (गाउँ/नगरपालिका) नै बालिकाहरूका लागि शिक्षा, स्वास्थ्य, सहभागिता तथा खेलकुद र संरक्षण एवम् भेदभाव रहितको सुनिश्चितता गर्न आवश्यक नीतिगत र कार्यक्रम सञ्चालन गर्ने प्रमुख जिम्मेवार निकाय रहेको छ। स्थानीय तह र वडा कार्यालयहरू नै बालश्रम, बालबालिकाको बेचबिखन, बालविवाह तथा छाउपडी, बालश्रम अन्त्य, बालमैत्री, पोषणमैत्री जस्ता अभ्यासहरू अन्त्य गर्न नेतृत्व गर्ने निकायको रूपमा रहेका छन्।
- बालबालिका सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहमा उपप्रमुख/उपाध्यक्ष वा उपप्रमुख वा उपाध्यक्षले तोकेको कार्यसमितिका सदस्यको संयोजकत्वमा बाल अधिकार समिति गठन गर्ने, स्थानीय तहमा बाल अधिकार प्रवर्द्धन र संरक्षणका लागि बालकल्याण अधिकारी नियुक्ति गर्ने, बाल कोषको व्यवस्था, बालमनोविज्ञ र समाजसेवीको सूचीकरण तथा परिचालन, बाल संरक्षण तथा संवर्धन सम्बन्धी कार्यविधि, बाल संरक्षण मापदण्ड हुनुपर्ने कुराको व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय तहमा शिक्षा समिति एवम् महिला तथा बालबालिका बेचबिखन विरुद्धका स्थानीय समितिहरू गठन गर्न सकिने कानुनी व्यवस्थाहरू रहेका छन्।
- प्रदेश तहमा बालिकाहरूको सवाललाई प्रत्यक्ष रूपमा सम्वोधन गर्न जिम्मेवार निकायको रूपमा सामाजिक विकास मन्त्रालय वा सम्बन्धित प्रदेश अनुसारको मन्त्रालय रहेको छ भने बालिकाको लागि सुरक्षित समाज

तथा उनीहरू विरुद्ध हुन सक्ने अपराध नियन्त्रणका लागि प्रदेशको आन्तरिक मामिला मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ । प्रदेश सभामा बालबालिकाको विषय हेर्ने जिम्मेवार संसदीय समितिले बालिकाहरूको सवालमा छलफल गर्ने र प्रदेश मन्त्रालय तथा सरकारलाई आवश्यक कार्वाहीका लागि सिफारिस एवम् निर्देशन दिन सक्दछ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रीको संयोजकत्वमा प्रदेश बाल अधिकार समिति गठन गर्ने व्यवस्था गरेको छ। उच्च अदालतको फैसला मार्फत बालबालिकाको हक प्रचलन गराउने अधिकार प्रदान गरिएको छ ।

- संघमा बालिका अधिकारको संरक्षण, संवर्धन र प्रवर्धनका निम्ति महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, संघीय प्रहरीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र तथा निर्देशनालय, संघीय अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन सेवा केन्द्रहरू जस्ता संघीय संरचना रहेका छन् । बालिका शिक्षा तथा प्राविधिक सीप विकास कार्यक्रमहरूका लागि शिक्षा मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ भने स्वास्थ्यका विशिष्ट विषयलाई सम्वोधन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ। त्यसैगरी संघीय संसदमा महिला बालबालिका तथा समाज कल्याणका विषयलाई सम्वोधन गर्न महिला तथा सामाजिक मामिला समिति रहेको छ । विषयगत सबै संवैधानिक आयोगहरू तथा विशेष गरी राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोगले बालिकाहरूको विशेष सवाल र समस्यामा राज्यको ध्यानाकर्षण गर्न सक्दछन् ।
- बालिकाका घटनाको तत्काल सम्वोधन गर्नका लागि बाल हेल्पलाइन नं. १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४), नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) आदि रहेका छन् ।
- संचार माध्यम, संयुक्त राष्ट्रसंघीय निकाय, विकासका साझेदार संस्थाहरू, निजीक्षेत्र, विद्यालय, बालक्लब, नागरिक संघसङ्गठन, समुदाय, किशोरकिशोरी समूह, मञ्च, टोल सुधार संस्था, परिवार, आदिलाई पनि बालिकाको सन्दर्भमा आवाज उठाउने संस्था र संरचनाको रूपमा लिन सकिन्छ ।

## ४. नेपालमा बालिकासम्बन्धी तथ्यगत अवस्था

### क) संरचनागत सुदृढीकरणको अवस्था


- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७, ६०, ६१, ६२ र ६३ मा व्यवस्था भए अनुसार हालसम्म ३ वटा प्रदेश (बागमती, गण्डकी र लुम्बिनी)मा प्रदेश बाल अधिकार समिति र ३०९ स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको गठन भएको छ। यसैगरी २४६ स्थानीय तहमा बालकोष, ३०३ स्थानीय तहमा बालकल्याण अधिकारी तोकिएको छ भने ११ वटामात्र स्थानीय तहले नियुक्त गर्ने प्रयास गरेको छ। ३७३ स्थानीय तहमा बाल संरक्षण तथा संवर्धन कार्यविधि निर्माण भएका छन् (*नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०*)। यसकासाथै बाल संरक्षण मापदण्ड तयारी, समाजसेवी र बालमनोविज्ञको सूचीकरण तथा परिचालन, वैकल्पिक हेरचाहकर्ताको सूचीकरण, स्थानीय तहमा बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्थाको सूची तयारीलगायतका बाल संरक्षण प्रणालीको अवस्थामा अझै पनि सबै स्थानीय तहमा पूर्णता हुन सकेको अवस्था छैन । यी संरचनागत व्यवस्थाका अलावा बाल अधिकारको संरक्षण गर्ने हालको व्यवस्था कानुनत अपुरो र अधुरो नै रहन्छ ।
- बालबालिकाको क्षेत्रमा भएका लगानीहरूको समष्टिगत तथ्याङ्कहरू एकीकृत रूपमा अध्ययन गर्ने गरिएको छैन । नेपाल सरकारको बजेट संकेतमा बाल अधिकार वा बालबालिका शीर्षक तोकिएको छैन । यद्यपी

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान नेपालले विगत २०७२ देखि गरी आएको बजेट विश्लेषणले बालबालिकाको क्षेत्रमा नेपाल सरकारको बजेटको ४% भन्दा पनि कम लगानी भएको देखाउँछ भने सिजोपलगायतका संघसंस्था सञ्जालले बालबजेट कोडको लागि निरन्तर आवाज उठाईरहेका छन् ।

- विगतमा बालमैत्री स्थानीय शासन रणनीतिका कारण प्रत्येक स्थानीय निकायले पुँजीगत बजेटको न्यूनतम १०% लगानी बालबालिकामा गर्ने गरेका थिए । तर हालको तीन तहको राज्य संरचनामा भएको परिवर्तनले उक्त अभ्यासको निरन्तरता भंग भएको छ तथापी सीमित स्थानीय तहले मात्र बालबालिकामा लगानीको प्रतिशत राम्रो राख्ने गरेका छन् । बालबालिकाका निम्ति छुट्याइएको बजेटमा बालिकाहरूका निम्ति पनि विशेष प्राथमिकतामा पर्दथ्यो तर संघीयतामा त्यो अवस्थामा कमी आएको देखिन्छ । जसले बालिका अधिकारको संवर्द्धन र प्रवर्द्धन गर्न कठिनाइ हुने देखिन्छ ।
- विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्रमा नेपाल सरकारलाई पेश गरेको १५२ सुझावहरू मध्ये ५० वटा सुझावहरू बालबालिकासँग सम्बन्धित थिए । ती ५० सुझावहरू मध्ये नेपाल सरकारले ३ वटा सुझावहरू अस्वीकार गरेको थियो भने २ वटा विचाराधिनका रूपमा राखिएको थियो । यसका साथै तेस्रो चक्रमा विभिन्न मुलुकले २३३ वटा सुझावहरू दिएकोमा नेपालले १९६ वटामात्र स्वीकार गरेको थियो भने ३७ वटा सुझावहरूलाई स्वीकार गरी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको थियो । जसमध्ये ८७ वटा सुझावहरू बालबालिकासँग सम्बन्धित रहेका छन् । यी सबै सुझावहरूमा बालिकाका विषयहरू कही न कतै जोडिएकै भए तापनि ४८ वटा सुझावहरू भने प्रत्यक्ष बालिकासँगमात्र सम्बन्धित रहेको देखिन्छ ।

## ख) स्वास्थ्य सम्बन्धी अवस्था (बाल बचाउ)

- नेपाल जनसांख्यिक सर्वेक्षण २०२२ अनुसार १५ देखि १९ वर्ष उमेर समूहका १४ प्रतिशत किशोरीहरू गर्भवती हुने गरेको देखिन्छ । ग्रामिण क्षेत्रमा यो दर १४.९ प्रतिशत छ भने शहरी क्षेत्रमा १२.९ प्रतिशत रहेको छ । प्रदेश अनुसार कोशी प्रदेशमा १२.८ प्रतिशत, मधेश प्रदेशमा १९.८ प्रतिशत बागमती प्रदेशमा ७.९ प्रतिशत, गण्डकी प्रदेशमा १२.९ प्रतिशत, लुम्बिनीमा ९.८, कर्णाली प्रदेशमा २०.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा १२.५ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ । सबैभन्दा कम बागमती प्रदेशमा ७.९ प्रतिशत र सबैभन्दा बढी कर्णाली प्रदेशमा २०.५ प्रतिशत रहेको छ । गर्भवती हुने महिलाहरूमध्ये शिक्षित महिलाहरूमा ७.२ प्रतिशत रहेको छ भने अशिक्षित महिलाहरूमा ३२.७ प्रतिशत रहेको छ । (*नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् २०२२*) ।




*(publicationFile-नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२)*

नेपालमा १५-४९ वर्षका महिलाहरूको पहिलो महिनावारीको मध्यक उमेर १३.६ वर्ष रहेको छ । यसर्थ आधा महिलाहरूको पहिलो महिनावारी किशोरावस्थाको सुरुवाती चरण १३.६ वर्ष नपुग्दै भएको देखिन्छ भने बाँकीको त्यो भन्दा पछिको उमेरमा भएको तथ्याङ्कले देखाएको छ *(नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् २०२२, पृ.सं.५)* । विद्यालय उमेरका बालिका तथा किशोरीहरूमा महिनावारी कै कारण विद्यालय छोड्नु पर्ने बाध्यात्मक परिस्थितिको न्यूनीकरण गर्नका निम्ति नेपाल सरकारले महिनावारी प्याडको व्यवस्था गरेको छ । स्वास्थ्यमा प्रतिकुल असर भएमात्र नत्र महिनावारी कै कारण हाल बालिकाहरूले विद्यालय छोड्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भएको छ ।

- आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार नेपाल सरकारले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका १६७ जना (२२ जना १५ देखि १९ वर्षका किशोरीहरू र १७ जना २० वर्ष उमेरका महिला सहित) गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार गरी स्वास्थ्य सेवा प्रदान गरेको छ । यसै गरी आ.व. २०८०/८१ को साउनदेखि पौष मसान्त सम्मको ६ महिनाको तथ्याङ्कलाई हेर्दा जम्मा ७८ जना गर्भवती महिलाको उद्धार गरिएका मध्ये ११ जना २० वर्षभन्दा कम उमेरका महिलाहरूको रहेको छ । यस तथ्यलाई हेर्दा १५ देखि २० वर्ष (विवाह गर्न गैरकानुनी मानिएको उमेर) को उमेरमा विवाह गरी बच्चा जन्माउनेको संख्या अझैपनि धेरै नै रहेको देखिएको छ । बालिका वा किशोरीहरूको शिक्षा, स्वास्थ्य, शारीरिक तथा मानसिक विकास पूर्णरूपमा नभै विवाहबन्धनमा बाधिने परिपाटीको कारणले हाम्रो समाजमा रहेको बालविवाहको प्रचलन/हानिकारक अभ्यास अझै ठूलो समस्याको रूपमा रहेको देखिएको छ । (*वार्षिक प्रगति प्रतिवेदन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८०*) ।
- ५ वर्ष मुनिका बाल मृत्युदरमा सन् १९९६ मा ११८ भएकोमा २०२२ सम्म आइपुग्दा ३३ जनामा घटेको छ साथै शिशु मृत्युदर ७८ बाट घटेर २८ भएको छ र नवजात शिशु मृत्युदर ५० बाट घटेर २१ भएको छ । यसै गरी शिक्षा, स्वास्थ्य, सामाजिक सांस्कृतिक सोचमा समेत सकारात्मक परिवर्तन आएको देखिन्छ । तथापी थप कामको भने अझै जरुरत देखिएको छ । विशेष गरी बालिकाका सवालहरू बालकको तुलनामा अझै सम्वेदनशील रहेको हुँदा यस विषयमा थप प्राथमिकता दिनु आजको आवश्यकता रहेको छ ।

## बालबालिकाको पोषणको अवस्था

नेपालमा हालको पोषणको अवस्था चित्रण गर्नको लागि सन् २००१ देखि सन् २०२२ सम्मका प्रत्येक पाँच वर्षमा गरिने नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणलाई आधार मानी तथ्याङ्क केलाउने कोसिस गरिएको छ ।

- नेपालमा पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर २५ प्रतिशत रहेको छ जुन २००१ मा ५७ प्रतिशत रहेको थियो ।
- पाँच वर्षमुनिका बालबालिकामा हुने ख्याउटेपनको दर ८ प्रतिशत रहेको छ जुन २००१ मा ११ प्रतिशत रहेको थियो ।
- पाँच वर्षमुनिका बालबालिकामा हुने कम तौलको दर सन् २००१ मा ४३ प्रतिशत रहेकोमा सन् २०२२ मा १९ प्रतिशत रहेको छ ।
- नेपालमा पाँच वर्षमुनिका बालबालिकामा हुने रक्तअल्पता ४३ प्रतिशत रहेको छ भने प्रजनन उमेर समूहका महिलामा रक्त अल्पता सन् २०२२ मा ३४ प्रतिशत रहेको छ जुन सन् २०११ मा ३५ प्रतिशत रहेको थियो ।
- नेपालमा शिशुलाई ६ महिनासम्म पूर्ण स्तनपानको दर सन् २००२ मा ५६ प्रतिशत रहेको छ जुन सन् २००१ मा ६८ प्रतिशत रहेको थियो । यसरी एकातर्फ मोटोपनालाई न्यूनीकरण गर्न सफलता हासिल भएको

छैन भने अर्को तर्फ स्तनपान गराउने आमाहरूको संख्या घट्दै जानु चिन्ताको विषय हो । यस विषयमा तालिका नं १ मा स्पष्ट उल्लेख गरिएको छ ।

**तालिका नं. १ : नेपालमा बाल पोषणको अवस्था**

| क्र.सं. | सूचकहरू | २००१ | २००६ | २०११ | २०१६ | २०२२ | २०३० |
|---|---|---|---|---|---|---|---|
| १. | पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर (प्रतिशत) | ५७ | ४९ | ४१ | ३६ | २५ | १५ |
| २. | पाँच वर्षमुनिका बालबालिकामा हुने ख्याउटेपनको दर (प्रतिशत) | ११ | १३ | ११ | १० | ८ | ४ |
| ३. | पाँच वर्षमुनिका बालबालिकामा हुने कम तौलको दर (प्रतिशत) | ४३ | ३९ | २९ | २७ | १९ | १० |
| ४. | बाल्यावस्थामा मोटोपन (प्रतिशत) | १ | १ | १ | १ | १ | १ |
| ५. | शिशुलाई ६ महिनासम्म पूर्ण स्तनपानको दर (प्रतिशत) | ६८ | ५३ | ७० | ६६ | ५६ | ..... |

*(स्रोत: नेपालमा जनसाङ्ख्यिक स्वास्थ्य. सर्वेक्षण २००१, २००६, २०११, २०१६ र २०१९)*

- विगतका तुलनामा नयाँ नयाँ प्रवृत्तिका बालिकामाथि हिंसा बढ्न थालेको छ । हाल प्रविधिको विकाससँगसँगै अनलाइन सुरक्षाका विषयहरू पनि निकै उठ्ने गरेका छन् । नेपाल प्रहरीको अपराध अनुसन्धान विभागको २०७९/८० मा प्रकाशन गरिएको तथ्याङ्क अनुसार साइबर अपराधका विषयमा परेका उजुरीहरू ९०१३ रहेको छ भने जसमा १३० वटा घटना बालिकाको रहेको छ । यसै गरी यस आ.व.मा आत्महत्याको ६९७४ वटा घटना दर्ताभएका मध्ये ७९५ बालबालिकाले आत्महत्या गरेका थिए । जसमध्ये ५२९ जना बालिका रहेको देखिएको छ । जुन बालकको तुलनामा दोब्बर नै रहेको छ - *FY 2079-80 Suicide & Cyber Crime - NE (nepalpolice.gov.np)* । यस तथ्याङ्कलाई हेर्दा बालिकाहरूको मानसिक स्वास्थ्यका विषयमा पनि एक विद्यालय एक नर्स कार्यक्रम जस्तै एक विद्यालय एक बालमनोविज्ञको पनि व्यवस्था गर्नुपर्ने अवस्था देखिएको छ । बालबालिका तथा किशोरावस्थामा देखिने मानसिक सोचका विषयहरू पनि जटिल भएका छन् ।

## ग) बालबालिकाको शैक्षिक तथा सर्वाङ्गिण विकासको अवस्था (बाल विकास)

- एजुकेशन इन्फरमेशन बुक २०७९ अनुसार माध्यमिक तह (कक्षा ९ देखि १२) मा खुद भर्नादर केवल ५७.४ प्रतिशत मात्र रहेको र सोही कक्षामा कुल शिक्षक मध्ये महिलाको संख्या १७.४प्रतिशत रहेको देखिएको छ । साथै कक्षा १ देखि ८ को खुद भर्नादर लैङ्गिक समानता सूचाङ्कमा ०.९९ रहेका छ । दिगो विकास लक्ष्यका सूचकहरू अनुसार शैक्षिक प्रगतिको विस्तृत विवरण तालिका नं. २ मा स्पष्ट उल्लेख गरिएको छ ।

## तालिका नं. २ः शैक्षिक अवस्था

| क्र.सं. | शैक्षिक सूचक | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | जम्मा | बालक | बालिका |
| १. | पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर | ७६.७ | ७७.७ | ८१ | ८२.९ | ८४.१ | ८४.७ | ८६.२ | ८७.६ | ८९.६ | ९४.९ | ९८.६ | ९०.८ |
| २. | पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ५६.९ | ५९.६ | ६२.४ | ६४.७ | ६६.३ | ६६.९ | ६८.६ | ७०.२ | ७४.९ | ७६.७ | ७७.३ | ७६.१ |
| ३. | कक्षा १ मा कुल प्रवेशदर | १४१.८ | १३७ | १३६.७ | १३३.५ | १२८.६ | १२३.९ | १२१.९ | १२०.७ | १२७ | १२५.७ | | |
| ४. | कक्षा १ मा खुद प्रवेशदर | ९१.६ | ९३ | ९३.९ | ९५.२ | ९५.९ | ९६.३ | ९६.९ | ९७.३ | ९६.३ | ९५.९ | | |
| ५. | कुल भर्नादर कक्षा १-५ | | | १३५.४ | १३४ | १३२.३ | ११८.८ | ११९.२ | ११८.२ | १२२ | १२९.५ | १२८.५ | १३०.६ |
| ६. | खुद भर्नादर कक्षा १-५ | ९५.६ | ९६.२ | ९६.६ | ९६ | ९७.२ | ९६.५ | ९७.१ | ९७.४ | ९६.९ | ९७.१ | ९७.६ | ९६.५ |
| ७. | कुल भर्नादर कक्षा १-८ | ११५.७ | ११७.१ | १२०.१ | १२२ | १२०.२ | १०९.३ | ११०.४ | ११३.२ | ११८ | ११९.३ | ११८.४ | १२०.४ |
| ८. | खुद भर्नादर कक्षा १-८ | ८६.३ | ८७.६ | ८९.४ | ९१ | ९२.३ | ९२.७ | ९३.४ | ९४.७ | ९५.१ | ९६.१ | ९६.५ | ९५.७ |
| ९. | कक्षा १ - ८ को खुद भर्नादरमा लैङ्गिक समता | | | १ | १ | १ | ०.९८ | ०.९८ | ०.९९ | ०.९९ | | | |
| १०. | कक्षा ८ मा | | | ७६.६ | ७५.९ | ७७.४ | ७७.९ | ७९.३ | ८२.०२ | ८५.१ | ८५.७ | | |
| ११. | आधारभूत शिक्षाको तह पूरा गर्नेको दर | | | ६९.६ | ६८.४ | ७०.७ | ७१.३ | ७२.७ | ७५.३ | ७६.२ | ७७.१ | | |
| १२. | वर्ष ५ देखि बाह्र बर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | | | १०.६ | ९ | ८.७ | ७.३ | ६.७ | ५.४ | ४.९ | ३.९ | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | | | १२.८ | | | | १४.६ | १४.६ | ४३.७१ | | | |
| १४. | कक्षा ९-१० को खुद भर्नादर | ५०.४ | ५१.६ | ५७.७ | ५९.६ | ६०.६ | ६६.२ | ७१.४ | ७५.७ | ७६.१ | ७६.५ | | |
| १५. | कक्षा ९-१२ को खुद भर्नादर | ३३.२ | ३४.७ | ३७.७ | ३८.९ | ४३.९ | ४६.४ | ४७.६ | ५१.२ | ५४.३ | ५७.४ | | |
| १६. | कक्षा १० | | | ३७.९ | ४५.२ | ५७.१ | ५८.५ | ६०.३ | ६४.६ | ६६.१ | ६७.३ | | |
| १७. | कक्षा १२ | | | ११.५ | | १७.२ | २२.२ | २४ | २९.२ | ३३.१ | ३५.६ | | |
| १८. | कक्षा ९-१२ मा लैङ्गिक समता सूचकाङ्कका आधारमा खुद भर्नादर | | | ०.९९ | ०.९८ | ०.९९ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०० | | |

*1688879366_1012390899_Education information book-2079-Asar 24,2080.pdf P.N. 58, 59*

### शैक्षिक सत्र २०७९ मा तहगत विद्यार्थी भर्नाको अवस्था

| तह | छात्रा | छात्र | अन्य | जम्मा |
|---|---|---|---|---|
| आधारभूत (१-५) | १७४०१४४ | १८७०२५० | २०९ | ३६१०६०३ |
| आधारभूत(६-८) | ८८७५१८ | ९३९८५२ | ६३ | १८२७४३३ |
| आधारभूत (१-८) | २६२७६६२ | २८१०१०२ | २७२ | ५४३८०३६ |
| माध्यमिक (९-१०) | ५३२३६८ | ५५०३९५ | १७ | १०८२७८० |
| माध्यमिक (११-१२) | ३८१३९३ | ३६७२९० | ५२ | ७४८७३५ |
| माध्यमिक (९-१२) | ९१३७६१ | ९१७६८५ | ६९ | १८३१५१५ |
| कक्षा १-१२ सम्मको जम्मा | ३५४१४२३ | ३७२७७८७ | ३४१ | ७२६९५५१ |

*1688879366_1012390899_Education information book-2079-Asar 24,2080.pdf (moest.gov.np) P.N. 63*

उपर्युक्त तथ्याङ्कलाई हेर्दा बालकको तुलनामा बालिकाको संख्या कम देखिएको छ ।

- साविकको केन्द्रीय तथ्याङ्क विभागको बालश्रम प्रतिवेदन, २०७८ अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखिएको छ *(नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०, पृ.सं. ४८)* । नेपालमा बालश्रम प्रतिवेदन, २०२१ (*CBS र ILO को*

*संयुक्त प्रतिवेदन)* अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । सन् २००८ को तुलनामा २०२१ मा हेर्दा ५ लाखको संख्याले कमी आएको देखिएको छ । विस्तृत विवरण तालिका नं. ३ मा स्पष्ट उल्लेख गरिएको छ ।

**तालिका नं. ३ : बालश्रममा संलग्न ५ देखि १७ वर्ष उमेर समूहका बालबालिकाको सख्ंया (प्रति हजारमा)**

| लिङ्ग | उमेर समूह (५ देखि १३) | | उमेर समूह (१४ देखि १७) | | ५ देखि १७ वष उमेर समूह | | ५ देखि १७ वर्ष उमेर समूहका जम्मा बालबालिका |
|---|---|---|---|---|---|---|---|
| | बाल श्रम नभएको | बाल श्रम | बाल श्रम नभएको | बाल श्रम | बाल श्रम नभएको | बाल श्रम | |
| बालक | २०६६ | ३६३ | १०६२ | १४१ | ३१२७ | ५०४ | ३६३२ |
| प्रतिशत | ८५.०६ | १४.९४ | ८८.२६ | ११.७४ | ८६.१२ | १३.८८ | ५१.३३ |
| बालिका | १७६७ | ४८५ | १०९९ | ९३ | २८६६ | ५७७ | ३४४३ |
| प्रतिशत | ७८.४७ | २१.५३ | ९२.२३ | ७.७७ | ८३.२३ | १६.७७ | ४८.६७ |
| जम्मा | ३८३२ | ८४८ | २१६१ | २३४ | ५९९३ | १०८२ | ७०७५ |
| प्रतिशत | ८१.८९ | १८.११ | ९०.२४ | ९.७६ | ८४.७१ | १५.२९ | १०० |

*Nepal Child Labour Report-2021 Final.indd (ilo.org)*

बालश्रमसँग सम्बन्धित तथ्याङ्कलाई हेर्दा बालकको तुलनामा बालिकाको संख्या ५ देखि १३ वर्षको उमेर समूहमा कम देखिएको छ भने १४ देखि १७ वर्षको उमेर समूहमा झण्डै बराबर देखिएको छ । बालश्रमको अवस्थामा बालबालिकाको संख्यामा खासै भिन्नता भने देखिएको छैन ।

## घ) बाल संरक्षणसँग सम्बन्धित तथ्यगत अवस्था

- बालबालिका भनेका १८ वर्ष भन्दा कम उमेरका व्यक्ति जो मानव सिर्जित हिंसात्मक गतिविधि होस् वा प्राकृतिक प्रकोपहरू हुन् जुनसुकै अवस्थामा पनि बढि पीडित र प्रभावित हुने वर्ग हुन् । २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु पारेर गएको ६.४ रेक्टरस्केलको भूकम्पमा परी १५३ जनाले ज्यान गुमाएका थिए भने ३७२ जना घाइते भएका थिए । जसमध्ये ८१ जना बालबालिका (३७ बालक र ४४ बालिका) को मृत्यु भएको थियो भने ९८ जना बालबालिका (४९ बालक र ४९ बालिका) घाइते भएका थिए । यस्ता खालका विपत्ति र महामारीहरूमा समेत बालबालिका, विशेष गरी बालिकाहरू हिंसा, दुर्व्यवहार, बेचबिखनबाट बढी पीडित र प्रभावित हुने अवस्थाहरू विद्यमान रहेका छन् । यसका न्यूनीकरणका निम्ति विशेष सरोकारवाला निकायको ध्यान जानु जरुरी हुन्छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ र मुलुकी अपराध संहिता ऐन, २०७४मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रूपमा परिभाषित गरिएको छ भने २० उमेर नपुगी गरिएको विवाह स्वत: बदर हुने व्यवस्था छ । कम उमेरमा विवाह गर्ने, गराउनेलाई तीन वर्षसम्म कैदको सजाय र ७५ हजार रुपैयाँ

समेत जरिवानाको व्यवस्था रहेको छ । यद्यपी राष्ट्रिय जनगणना २०७८ को नतिजाले ३४.४ प्रतिशत व्यक्तिहरूको पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको देखाएको छ। दोस्रोमा १५ देखि १७ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरू २२.३ प्रतिशत छन् । दश वर्षमुनीको उमेरमा पहिलो विवाह भएका व्यक्तिहरू ०.३ प्रतिशत छन् । यसैगरी १०-१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू ७ प्रतिशत रहेका छन् । समग्रमा पहिलो विवाह गर्दाको औषत उमेर १९ वर्ष हुन आउँछ, जसमा पुरुषको २१ र महिलाको १८ वर्ष रहेको छ । यस सन्दर्भमा विस्तृतरूपमा तालिका ४ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४ : दश वर्ष वा सो भन्दामाथिका जनसंख्याको पहिलो विवाह गर्दाको उमेर अनुसार जनसंख्या**

| उमेर समूह | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा | १६०२२८७० | १०० | ७११६६५९ | १०० | ८९०६२११ | १०० |
| दश वर्ष मुनि | ५४३४८ | ०.३ | ८५७५ | ०.१ | ४५७७३ | ०.५ |
| १० - १४ | ११२५२०५ | ७.० | २१४२६६ | ३.० | ९१०९३९ | १०.२ |
| १५ - १७ | ३५७५७७७ | २२.३ | ८७२४०१ | १२.३ | २७०३३७६ | ३०.४ |
| १८ - २० | ५५११६२६ | ३४.४ | २३१८००६ | ३२.६ | ३१९३६२० | ३५.९ |
| २१ - २४ | ३२९३२९० | २०.६ | १९०८६४० | २६.८ | १३८४६५० | १५.५ |
| २५ - २९ | १८४५६०१ | ११.५ | १३२२८९३ | १८.६ | ५२२७०८ | ५.९ |
| ३० - ३४ | ४५०५१६ | २.८ | ३५५४५० | ५.० | ९५०६६ | १.१ |
| ३५ - ३९ | ९९०६७ | ०.६ | ७६५९० | १.१ | २२४७७ | ०.३ |
| ४० - ४४ | २६८२४ | ०.२ | २०२१० | ०.३ | ६६१४ | ०.१ |
| ४५ - ४९ | ६४१७ | ०.० | ४९१५ | ०.१ | १५०२ | ०.० |
| ५० र सो भन्दा माथि | ३६४६ | ०.० | २८१३ | ०.० | ८३३ | ०.० |
| उल्लेख नभएको | ३०५५३ | ०.२ | ११९०० | ०.२ | १८६५३ | ०.२ |

*राष्ट्रिय जनगणना २०७८, संक्षिप्त जानकारी पुस्तिका पृ.सं. ६९ ।*

- आर्थिक वर्ष २०७७/०७८ मा बालविवाहको ८४, आ.व. २०७८/०७९ मा बालविवाह भएका ५२ जना र २०७९/०८० मा ४४ वटा बालविवाहको मुद्दा दर्ता भएको छ *(cid-magazine-2080.pdf)* । नेपाल बहु सूचक सर्वेक्षण, २०७६ अनुसार २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरूमध्ये १५ वर्षमुनिका ५.२ प्रतिशत (बालक १.५ प्रतिशत र बालिका ७.९ प्रतिशत) र १८ वर्षमुनिका २२.७ प्रतिशत (बालक ९ प्रतिशत र बालिका ३२.८ प्रतिशत) को विवाह भएको पाइएको थियो । यसै गरी १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूमध्ये १२.८ प्रतिशत (बालक ५.३ प्रतिशत र बालिका १९.३ प्रतिशत) विवाहित भएको देखिएको छ। बालविवाहको प्रतिशत अन्य प्रदेशको तुलनामा मधेश र कर्णाली प्रदेशमा उच्च रहेको देखिएको छ भने बालकको तुलनामा बालिकाको बालविवाह हुने संख्या अत्यधिक रहेको तथ्याङ्कले देखाउँदछ ।


- राष्ट्रिय जनगणना २०७८ अनुसार बाबु र आमा दुवैसँग बस्ने बालबालिकाको संख्या ७७.९ प्रतिशत, आमासँग मात्र बस्नेको संख्या १७.१ प्रतिशत, ३ प्रतिशत आफन्तसँग र बाँकी अन्यसँग बसिरहेको जनगणनाले देखाएको छ। यस सन्दर्भमा विस्तृतरूपमा तालिका ५ मा उल्लेख गरिएको छ।

**तालिका नं. ५ : अभिभावकसँग रहने बालबालिकाको संख्या**


| बसाइँको अवस्था | जम्मा | | बालक | | बालिका | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | ९८६९५८३ | १०० | ५११४५०५ | १०० | ४७५५०७८ | १०० |
| आमाबाबु दुवैसँग | ७६८६२८१ | ७७.९ | ३९९१७५७ | ७८.० | ३६९४५२४ | ७७.७ |
| आमासँग मात्र | १६८८८८६ | १७.१ | ८७४९४२ | १७.१ | ८१३९४४ | १७.१ |
| बुवासँग मात्र | १०१६०४ | १.० | ५४९४१ | १.१ | ४६६६३ | १.० |
| बाबु र सौतेनी आमासँग | ३४५२१ | ०.३ | १८२३२ | ०.४ | १६२८९ | ०.३ |
| आमा र सौतेनी बाबुसँग | ६०१५ | ०.१ | २७२० | ०.१ | ३२९५ | ०.१ |
| अन्य नातेदारसँग | २९१८०३ | ३.० | १३७५६५ | २.७ | १५४२३८ | ३.२ |
| काम लगाउने व्यक्तिसँग | २६२० | ०.० | १६२८ | ०.० | ९९२ | ०.० |
| अन्य व्यक्तिसँग | ४९५०७ | ०.५ | २८९३४ | ०.६ | २०५७३ | ०.४ |
| उल्लेख नभएको | ८३४६ | ०.१ | ३७८६ | ०.१ | ४५६० | ०.१ |

*राष्ट्रिय जनगणना २०७८ को संक्षिप्त नतिजा पृ.सं. ८० ।*

- अभिभावकसँग बस्दै आएका बालबालिकाको अवस्था विशेषतः बुवाआमासँग, बुवासँग, आमासँग बस्ने बालबालिकाको संख्यालाई हेर्दा बालकको तुलनामा बालिकाका संख्या कम देखिएको छ भने अन्य नातेदारसँग बस्ने बालिकाको संख्यामा भने बढी देखिएको छ। अझै पनि अन्य व्यक्तिसँग बसेका बालबालिकाको जम्मा संख्या ४९ हजार ५ सय ७ रहेको छ। त्यसमध्ये २० हजार ५ सय ७३ जना बालिका अन्य व्यक्तिसँग बसिरहदा उनीहरूले कति जटिलताका सामना गरिरहेका होलान् सो अध्ययनको विषय बन्न सक्ने देखिन्छ।
- बाल यौन दुरुपयोग/दुर्व्यवहारका मुद्दाहरू आर्थिक वर्ष २०७७/०७८मा २८१, आ.व. २०७८/०७९ मा ३१४ र आ.व. २०७९/०८० मा ३४३ रहेको छ *(cid-magazine-2080.pdf)* (*लैङ्गिक हिंसाको वार्षिक तथ्यपत्र २०७९/०८०*)।
- बलात्कार पछि हत्या भएका ५ जना व्यक्तिहरू मध्ये १८ वर्ष भन्दा कम उमेरका बालिकाहरूको संख्या २ रहेको छ। यसैगरी सबैभन्दा बढी पीडित र प्रभावित भएका व्यक्तिको उमेर अवस्था हेर्दा ११ देखि १६ वर्षको उमेर देखिएको छ। जम्मा ३ हजार ४ सय ३ जना पीडित तथा प्रभावित मध्ये २ हजार १ सय ७२ घटनाहरू १८ वर्षभन्दा कम उमेरका विशेष गरी अझै बालिकाहरूमाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ।




*(cid-magazine-2080.pdf)*




- नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार आ.व. २०७९/०८० मा बालबालिका विरुद्धको यौन हिंसा तथा दुर्व्यवहारबाट २१४४ जना बालबालिका (बालक ३३ र बालिका २१११) जना पीडित भएको उजूरी दर्ता भएको छ। यस तथ्याङ्कलाई हेर्दा बालकको तुलनामा बालिकामाथि यौन हिंसा तथा दुर्व्यवहारका घटना अत्यधिक हुने गरेको देखिन्छ। बालिकाहरू अझै पनि असुरक्षाको घेरामा धेरै रहेको तथ्य आंकलन गर्न सकिन्छ। यसै गरी आ.व. २०७९/०८० मा बालबालिकाको बेचबिखन तथा ओसारपसार सम्बन्धी ७५ वटा मुद्दा दर्ता भएका थिए। नेपाल प्रहरीको तथ्याङ्क विश्लेषण गर्दा समग्र लैङ्गिक हिंसा अपराधमा

७८.८२ प्रतिशत हिस्सा घरेलु हिंसाको देखिएको छ। यस्तो हिंसा मधेस प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा कम देखिएको छ। यौनजन्य हिंसाका घटनाका ८३.१५ प्रतिशत अभियुक्त चिनजानका पाइएका छन्। यस्ता पीडितमा ६४.२२ प्रतिशत बालिका परेका छन्।

- २०७८ को जनगणना अनुसार देशभर स्मार्टफोन प्रयोगकर्ता ७३ प्रतिशत र इन्टरनेट प्रयोगकर्ता परिवारको संख्या ३७.८ प्रतिशत पुगेको छ। जनगणना यताको दुई वर्षमा पनि स्मार्टफोन र इन्टरनेट प्रयोगकर्ताको हिस्सा बढेको छ। अनलाइन हिंसा बढ्ने क्रममा रहेको विभिन्न अध्ययनले देखाएको छ। आर्थिक वर्ष २०७९/८० मा साइबर अपराध सम्बन्धी ५ हजार ५ सय २८ उजुरी परेकामा महिलाका २ हजार ७ सय एक र बालिकाका ९० उजुरी परेको थियो। पुरुषका उजुरीहरू ठगी र अपराधसम्बन्धी भए पनि महिला र बालिकाका उजुरी प्रायः अनलाइन हिंसा र दुर्व्यवहारसम्बन्धी हुने गरेको देखिएको छ।

- आ.व. २०७९/०८० मा बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) मा उजुरी दर्ता भएका हराएका बालबालिकाको संख्या ५८२६ जना (बालक १६०१ र बालिका ४२२५) रहेका छन्। फेला परेका बालबालिका ५१५० (बालक १४३७ र बालिका ३७१३) रहेका छन् जस मध्ये ८८.३९ प्रतिशत बालबालिका फेला परेका भए तापनि हराउने बालबालिकाको अवस्थालाई हेर्दा बालकको तुलनामा बालिकाको संख्या अत्यधिक रहेको छ *(नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०)।*

- आर्थिक वर्ष २०७९/८० मा बेवारिस फेला परेका बालबालिका ३६२ जना (बालक २३२ र बालिका १३०) रहेका छन्। जसमध्ये २२३ लाई पारिवारिक पुर्नमिलन गरिएको छ भने अन्य बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको तथ्याङ्कले देखाएको छ। बेवारिस अवस्थामा फेला पर्ने बालबालिकाको अनुपातलाई हेर्दा बालिकाको संख्या कम देखिएको छ *(नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०)।*

- राष्ट्रिय बाल अधिकार परिषद्को तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा सीमा नाका लगायत भारतको विभिन्न स्थानबाट ६४ जना बालबालिका (बालक ५१ र बालिका १३) उद्धार गरी पारिवारिक पुनर्मिलन गरिएको छ।

- विगत तीन वर्षको मानव बेचबिखनसम्बन्धी अपराधका घटनाहरूसँग सम्बन्धित तथ्याङ्क विश्लेषण गर्दा बढोत्तरी नै भइरहेको देखिन्छ। मानव बेचबिखनको घटना सबैभन्दा बढी लुम्बिनी प्रदेशमा देखिएको छ। यस्ता घटनाबाट पीडित हुनेमा महिला ५०.२४ प्रतिशत छन् भने बालिकाको प्रतिशत ३८.८६ छ। नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्यूरोमा दर्ता भएको मुद्दा विवरणअनुसार अघिल्लो दुई वर्षमा क्रमशः १३४ र १३६ रहेकोमा आ.व. २०७९/८० मा १५७ पुगेको देखिन्छ। प्रहरीको तथ्याङ्क अनुसार आ.व. २०७९/८० मा २१० जना महिलाहरू पीडित भएको देखिन्छ। घरेलु हिंसामा परेका महिलाहरूको संख्या १३ हजार ७ सय १३, जबरजस्तीकरणीका २ हजार ७०, बहुविवाहका ६४९, बोक्सीको आरोपमा ४३, एसिड प्रहार तीन र जातीय छुवाछुत सम्बन्धी २६ वटा घटनाहरू नेपाल प्रहरीमा दर्ता भएका थिए। *(२३ औं वार्षिक प्रतिवेदन/आ.व. २०७९/०८०, पृ.सं. ८५)।*

- माथि उल्लिखित तथ्याङ्कलाई हेर्दा अझै पनि बालिका, किशोरी र महिला अधिकार पूर्णतः संरक्षण हुन नसकेको देखिन्छ। घरेलु हिंसा, बलात्कार, बेचबिखन, बहुविवाह, छाउपडी प्रथा अहिले पनि विद्यमान रहेको छ। घरेलु हिंसामा व्यापक बढोत्तरी भइरहेको छ। समय र विकासक्रमसँगसँगै बालिका, किशोरी र महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ। यौन दुर्व्यवहार, एसिड छर्कने, कुटपिटजस्ता घटनाहरूबाट बालिका, किशोरीहरू र महिलाहरू पीडित हुने गरेका घटनाहरू बढ्दै गएको देखिन्छ।

- अन्तर्राष्ट्रिय श्रम संगठन र वाल्क फि फाउण्डेशनले अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनसँगको सहकार्यमा सन् २०१७ मा गरेको अध्ययनमा विश्वमा ४ करोड मानिसहरू आधुनिक दास प्रथाको शिकार भएका छन् । जस मध्ये २ करोड ५० लाख बाध्यकारी श्रममा र १ करोड ५० लाख बाध्यकारी विवाहमा प्रयोग भएका छन् भन्ने उल्लेख छ । यो प्रतिवेदनका अनुसार विश्वका प्रत्येक १ हजार व्यक्तिमा ४.५ जना आधुनिक दासतामा बाँच्न बाध्य पारिएको छ । यस्ता व्यक्तिमध्ये ५.९ जना वयस्क र ४.४ बालबालिका आधुनिक दासताको शिकार भएका छन् । कुल पीडित मध्ये ७१ प्रतिशत महिला तथा बालिका रहेको जनाईएको छ । यसले मानव बेखबिखनमा सबैभन्दा प्रभावित महिला तथा बालिका भएको पुष्टि गर्दछ *(राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशित मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९, पृ.सं. १०)* । सन् २०१९ मा राष्ट्रिय मानव अधिकार आयोगले १५ लाख नेपाली मानव बेचबिखनको जोखिममा रहेको अनुमान गरेको थियो । जसमा धेरैको संख्या बालिका र महिलाहरूको रहेको देखाएको छ ।
- मानव बेचबिखन अनुसन्धान ब्यूरोमा आ.व. २०७६/७७ र २०७७/२०७८ गरी दुई आर्थिक वर्षमा जम्मा २७० वटा मानव बेचबिखन सम्बन्धी मुद्दा दर्ता भएको थियो । जसमा ३९२ जना व्यक्तिहरू मानव बेचबिखनबाट पीडित भएका थिए । मानव बेचबिखनमा परेका व्यक्तिहरू मध्ये ३९.५ प्रतिशत बालबालिका (३८.२ प्रतिशत बालिका र १.२७ प्रतिशत बालक), ५६.८ प्रतिशत महिला, ३.५ प्रतिशत पुरुष रहेका छन् *(राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशित मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९, पृ.सं. २)* ।
- राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार ५ वर्ष वा सो भन्दा कम उमेरका कुल ३० लाख ७ हजार ६४८ जना बालबालिका मध्ये ७४.० प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ । यसैगरी जन्म दर्ता गरेको संख्या हिमालमा ८१.९ प्रतिशत, पहाडमा ७३.१ प्रतिशत र तराईमा ७३.७ प्रतिशत देखिन्छ भने प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णाली प्रदेशमा ८७.३ र कम बागमती प्रदेशमा ६७ प्रतिशत मात्र जन्म दर्ता गरेको देखिन्छ ।
- नेपाल सरकारद्वारा सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहमा हाल ७४२ जना बालबालिका रहेका छन् । जस मध्ये २५ जना मात्र बालिकाहरू रहेका छन् । यसले के देखाउँदछ भने अपराधमा संलग्न हुने बालिकाहरूको संख्या असाध्यै कम रहेको छ । तर अन्य तथ्याङ्कलाई हेर्दा पीडित हुनेमा बालिकाको संख्या अत्यधिक रहेको पाइन्छ ।
- एक्प्याट लग्जमवर्गले सन् २०१७ मा काठमाडौं उपत्यकाको ४५२ जना बालबालिकामाथि गरेको एक सर्वेक्षण अनुसार २० प्रतिशत बालबालिकाले कम्तिमा एकपटक अश्लील सामग्री हेर्ने बताएका छन् । इन्टरनेट चलाउने कुल बालबालिकाको संख्यामध्ये १३.७% बालबालिका अनलाइन दुर्व्यवहारको सिकार हुने गरेको उल्लेख छ । यसरी दुर्व्यवहारमा पर्नेमा ४७ प्रतिशत बालक र ५३ प्रतिशत बालिका रहेका छन् ।
- आ.व. २०७९/८० असार मसान्तसम्ममा राष्ट्रिय बाल अधिकार परिषद्मा अभिलेखिकरण गरिएका ४५ जिल्लामा सञ्चालित ४१८ वटा बालगृहमा ११२०२ जना बालबालिका (बालक ५१४४ र बालिका ६०५८ संरक्षणमा रहेको देखिएको छ । यस तथ्याङ्कलाई हेर्दा पनि बालिकाहरू पारिवारिक वातारण भन्दा बाहिर पनि रहेको देखिन्छ । बाल अधिकार सम्बन्धी महासन्धिले निसंस्थाकरणलाई प्राथमिकतामा राख्ने, नातेदार, समुदायमा स्थानीय तह भित्र बालबालिकाको संरक्षण गर्न चाहने व्यक्ति, परिवारमा आधारित संस्था भन्दा पनि बढी वैकल्पिक स्याहारको अन्तिम विकल्पको रूपमा रहेको बालगृहमा बालबालिकाको संख्या धेरै रहेको देखिएको छ । बालबालिकाको संस्थागत संरक्षणले बालापन र बाल अधिकारका विभिन्न आयामहरूमा खालीपना निम्त्याउने विषय भने जटिल रहेको छ ।

### ङ) बालिकाको बाल सहभागिताको अवस्था

- बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको अनुसार नेपालमा विगतमा धेरै स्थानीय तहहरू बालमैत्री अभियानमा संलग्न भएका भए तापनि, संघीय संरचना लागू भईसकेपछि १ उपमहानगरपालिका १६ वटा नगरपालिका, ६ वटा गाउँपालिका र विभिन्न स्थानीय तहका ४६ वटा वडाहरू बालमैत्री घोषणा भएका छन्। बालमैत्री स्थानीय शासनलाई थप प्रभावकारी बनाउनसकेमा बालिकाको विकासमा पनि थप योगदान पुग्न सक्ने देखिन्छ।
- राष्ट्रिय बालअधिकार परिषद्द्वारा प्रकाशित बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन २०७९ अनुसार नेपालमा १९ हजार ५ सय ५६ बालक्लबहरू रहेका छन् र तिनीहरूमा ५ लाख भन्दा बढी बालबालिका संगठित र सक्रिय छन् । यसको आधाभन्दा बढी नेतृत्व बालिकाहरूले गरिरहेका देखिएको छ । यी बालक्लबहरू विद्यालयमा गठन भएका भए तापनि बालबालिका सम्बन्धी नियमावली, २०७८ अनुसार स्थानीय तहमा दर्ता भएर प्रमाणपत्र प्राप्त गरेका बालबालिकाको संख्या भने अध्यावधिक हुन सकेको छैन यसैगरी समुदायमा आधारित बालक्लबहरूको संख्या समेत अध्यावधिक भएको पाइदैन। माथि उल्लिखित बालक्लबको संख्या विद्यालयमा आधारित बालक्लबको मात्र हो । बालक्लबमा बालिकाहरूको समान र समावेशी सहभागिताका लागि पैरवी भईरहेको छ।

## ५. बालिकामाथि विभेद हुनुका मुख्य कारणहरू

- **कानुनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयन पूर्ण रूपमा नहुनुः** बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७, ६०, ६१, ६२ र ६३ मा व्यवस्था भए अनुसार हालसम्म ३ वटा प्रदेश (बागमती, गण्डकी र लुम्बिनी) मा प्रदेश बाल अधिकार समिति र ३०९ स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको गठन भएको छ। यसैगरी २४६ स्थानीय तहमा बालकोष, ३०३ स्थानीय तहमा बालकल्याण अधिकारी तोकिएको र ३७३ स्थानीय तहमा बाल संरक्षण तथा संवर्धन कार्यविधि निर्माण भएका छन् *(नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०)।*
- **अशिक्षा/अज्ञानताः** राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा हाल साक्षरतादर पुरुषको ८३.६ प्रतिशत रहदा महिलाको ६९.४ प्रतिशत मात्र रहेको छ जसले गर्दा अशिक्षा र अज्ञानताका कारण पनि बालिकाहरूको बालविवाह हुने, शैक्षिक अवसरबाट वञ्चित हुनुपर्ने अवस्थाहरू देखिएको छ।
- **अन्धविश्वास/परम्परागत सामाजिक संस्कारको सोच/हानिकारक अभ्यासहरूः** हाम्रो समाजमा जरोगाडेर बसेको दाइजो प्रथा, छाउपडी प्रथा लगायतका हानिकारक अभ्यासहरूको अन्धविश्वासका कारण कति बालिकाहरूले छाउगोठमा हिंसा सहनु परेको तथा जनावरका आक्रमणबाट ज्यान गुमाउनु परेको घटनाहरू समेत सार्वजनिक हुने गरेको पाइन्छ।
- **गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा निःशुल्क नहुनुः** नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा सबैका लागि निःशुल्क भनिए तापनि निजी विद्यालय र सरकारी विद्यालयका बीचको विभेद तथा भाषिक स्तरका निम्ति छोरालाई निजी विद्यालय पढाउने र छोरीलाई सके सरकारी विद्यालय पढाउने नसके घरको काममा नै राख्ने पारिवारिक वातावरणले पनि बालिकामाथि विभेद रहेको देखिन्छ।
- नीति तथा कार्यक्रम र बजेट विनियोजनमा बालबालिका प्राथमिकतामा नपर्नु । तीनै तहका सरकारले बालबालिकाका विषयमा बजेट कोडको व्यवस्था हालसम्म पनि नगर्नु, बालबालिका निमित यति प्रतिशत बजेट अनिवार्य छुट्याउनु पर्छ भन्ने कुनै निर्णय हुन नसक्नुले पनि समस्या भएको देखिन्छ। आदि।

## ६. नेपालमा बालिकासम्बन्धी भएका असल अभ्यासहरू

- नेपाल सरकारको आ.व. २०८०/८० को नीति तथा कार्यक्रम विद्यालयमा स्यानिटरी प्याडको व्यवस्था हुनु,
- स्थानीय तह, जिल्ला, प्रदेश र संघीय स्तरमा बालिका सम्मेलनहरू भई बालबालिकाका विषयमा छलफल, वहस र सवालहरूको उजागर हुने गरेका छन्,
- मधेश प्रदेश सरकारले विद्यालय जाने बालिकाहरूका लागि साइकल वितरण कार्यक्रम सञ्चालन गर्नु,
- नेपाल सरकारको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा नै किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्ने विषय उल्लेख गरिनु,
- नेपाल सरकारको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिने छ । नेपाली समाजलाई बालविवाह तथा छाउपडीमुक्त तुल्याइने छ । बलात्कार, एसिड आक्रमण लगायतका हिंसापीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनर्स्थापना, नि:शुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिने उल्लेख हुनु,
- विभिन्न स्थानीय तहले छोरीहरुका लागि छोरी बिमा कार्यक्रमहरू सञ्चालन गर्नु,
- मधेश प्रदेशमा बेटी पढाउ, बेटी बचाउँ कार्यक्रमलाई नीति तथा कार्यक्रममा नै समावेश गरिनु,
- दिगो विकास लक्ष्य अनुरुप २०३० सम्म बालविवाह अन्त्यका निम्ति संघ, प्रदेश र स्थानीय तहले आफ्ना नीति तथा कार्यक्रम अन्तर्गत बालविवाह अन्त्य सम्बन्धी नीति, रणनीति तयार गरी कार्यान्वयनमा ल्याउनु,
- सीमित स्थानीय तहहरूले भए पनि बाल संरक्षण प्रणालीको स्थापना र सुदृढीकरण गर्नु,
- नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३१ मा आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क रूपमा प्रदान गरिने व्यवस्था गर्नु,
- हाल बागमती प्रदेशमा प्रदेशको गौरवको योजनाको रूपमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चाालन गर्नु जस अन्तर्गत हाल ५१९ जना विद्यालय नर्सहरू बागमती प्रदेशका सरकारी विद्यालयमा कार्यरत हुनु,
- बालविवाह अन्त्य सम्बन्धी कार्यक्रमका निम्ति नीति, रणनीति तयार हुनु,
- मधेश प्रदेशको सुरुङ्गा नगरपालिका बालविवाह मुक्त पालिका घोषणा भएको,
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/०८१ मा बालश्रममुक्त स्थानीय तह घोषणा गर्न १०४ वटा स्थानीय तहलाई अनुदान वितरण कार्यक्रम,
- कोटहीमाई गाउँपालिकामा बालिका जन्मिएर ३५ दिनभित्र जन्म दर्ता गराएपछि बालिका जन्म प्रोत्साहन भत्ता ५ हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था,
- गल्याङ नगरपालिकाले नगरकी छोरी कार्यक्रम अन्तर्गत बालिका जन्मिएमा ५ हजार रुपैयाँ प्रदान गर्ने व्यवस्था,
- विभिन्न स्थानीय तहहरूले सञ्चालन गर्दै आइरहेका किशोरकिशोरीको आत्मरक्षा तालिम,
- बनेपा नगरपालिका वडा नं. ६ स्थित बुडोलका किशोरीहरूले सुरक्षित महिनावारीका निम्ति सञ्चालन गरेका “सानो पाइला” कार्यक्रम,

- सन् २०१२ बाट “किनकि म बालिका हुँ” भन्ने अवधारणाका साथ अक्टोबर ११ अन्तर्राष्ट्रिय बालिका दिवस मनाउने अभ्यास सुरुवात भएको,
- गुल्मी कालीगण्डकी गाउँपालिकाले पालिकाभित्र छोरी जन्मिएपछि १० हजार रुपैयाँ जम्मा गरिदिने नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन,
- बाँकेको डुडुवा गाउँपालिकाले बालिका शिक्षा प्रोत्साहनका लागि कन्या मुद्दती खातामा १० हजार रुपियाँ जम्मा गरिदिने र बालिका २० वर्ष उमेर पूरा भएपछि एकमुस्ट उक्त रकम उच्च शिक्षा हासिल गर्नका निम्ति निकाल्न मिल्ने कार्यक्रम २०७६ सालदेखि सञ्चालन गरेको छ ।
- कोशी प्रदेशको प्रदेश भरीका १० वर्ष भन्दा कम उमेरका बालबालिकाको निःशुल्क उपचार गर्ने,
- नवलपरासी (बर्दघाट सुस्ता पूर्व) देवचुली नगरपालिकाको गौरवको योजना भित्र जागृति बाल तथा युवा सरोकार नेपालले निर्माण गर्न लागेको अत्याधुनिक बालिका सिकाइ तथा स्रोत केन्द्रलाई प्रवर्द्धन गर्नु,
- सुनवल नगरपालिकाले महिनावारी मैत्री नगर बनाउने निर्णय गरेर सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सुरुवात गरेको छ ।
- रुपन्देही जिल्लाको रोहिणी गाउँपालिकामा बालिका बिमा कार्यक्रम मिति २०७९/०८० र चालु आर्थिक वर्षमा जन्मिएका बालिकाको बिमा गर्न थालिएको छ । यो कार्यक्रमबाट भ्रूण हत्यामा कमी आउने विश्वास तथा छोराछोरी बीच गरिने भेदभावको समेत अन्त्य हुने विश्वास स्थानीय तहले लिएको छ,
- महोत्तरीको बर्दिवास नगरक्षेत्रका उमेर पुगेर वा २० वर्ष उमेर पुगेर बिवाह गर्ने मुसहर जातिका दम्पत्तिलाई नगरले ५० हजार नगद प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गर्नु,
- विभिन्न दिवसहरूमा एक दिनका लागि बालिकाको नेतृत्वको अभ्यासको सुरुवात,
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मञ्चहरूमा बालिकाहरूको सहभागिता बढ्दै जानु,
- विभिन्न नागरिक संघसंस्थाहरूले बालिका तथा किशोरीहरूलाई साथी शिक्षकको रूपमा क्षमता अभिवृद्धि गरी समाज रूपान्तरणमा परिचालित गरिएको छ ।
- जागृति बाल तथा युवा सरोकार नेपालको पहलमा बालिका सशक्तिकरणको सवाललाई स्थापित गर्न टेलिभिजन र युट्‌ब मार्फत सक्छिन् छोरी, पोषणसँग जोडेर कुराकानी, खानपान अनि आनिबानी जस्ता कार्यक्रम तथा विभिन्न सचेतनामूलक डकुमेन्ट्रीहरू, युनिसेफ, युएनएफपिएको पहलमा “रूपान्तरण” को डिजिटल लर्निङ टुल माध्यमबाट पनि बालिका र किशोरी सशक्तिकरणमा योगदान पुर्‍याईएको छ ।
- नागरिक संघसङ्गठनको पहिल कदमीमा बालबालिकाको सन्दर्भमा बाल अधिकारका लागि संसदीय मञ्च स्थापना हुनु र मञ्चले संसदमा बालिकाहरूका सवाललाई उठान गर्नु, आदि ।

## ७. नेपालमा बालिकाका प्रमुख सवालहरू

- बालिका अधिकारका निम्ति छुट्टै कानुनी व्यवस्थाहरू नहुनु,
- भ्रुण पहिचान पश्चात गर्भपतन गराउनु,
- बालिका तथा किशोरी मैत्री विद्यालय, समाज, पारिवारिक वातावरण नहुनु,
- बालिकाहरूमा विज्ञान, प्रविधि, गणित, इन्जिनियरिङ, खेलकुद लगायतका विषयमा पहुँच नहुनु,

- यौन तथा प्रजनन स्वास्थ्य र शिक्षा सेवाहरू प्रयाप्त नहुनु,
- बालविवाह, छाउपडी प्रथा लगायतका कतिपय हानिकारक अभ्यासहरू समाजमा कायम हुनु,
- बालिकाप्रति हेरिने दृष्टिकोण, सामाजिक परम्परा र गलत मान्यता,
- अनलाईन दुर्व्यवहार, मानसिक स्वास्थ्यको सिकार हुनु, आदि ।

## ८. नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ मा बालिकासँग सम्बन्धित नीति तथा कार्यक्रमहरू

### क) संघीय सरकारको नीति तथा कार्यक्रम (२०८०/०८१)

☞ बुँदा नं. ११८: किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

☞ बुँदा नं. ११९: किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिनेछ । नेपाली समाजलाई बालविवाह तथा छाउपडीमुक्त तुल्याइनेछ । बलात्कार, एसिड आक्रमण लगायतका हिंसापीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनर्स्थापना, नि:शुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

☞ बुँदा नं. १२०: सबैखाले बालश्रम शोषणको अन्त्य गरिनेछ । बाल सुधार गृहहरूको भौतिक पूर्वाधार तथा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ । अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुन:स्थापनाको लागि प्रदेश तथा स्थानीय तहमा आपतकालीन बाल उद्धार कार्यक्रम सञ्चालन गरिनेछ ।

☞ बुँदा नं. १२३: मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक सामाजिक सशक्तीकरण गरिनेछ । सरोकारवाला निकाय तथा संघसंस्थासँगको समन्वयमा निरोधात्मक, संरक्षणात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गरिनेछ । पीडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाइनेछ ।

☞ बुँदा नं. १२६ : आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक, लोपोन्मुख, पिछडिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिक रूपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । विपन्न लक्षित छात्रवृत्तिलाई विस्तार गरिनेछ । दिवा खाजा कार्यक्रमलाई क्रमश: विस्तार गर्दै लगिनेछ ।

### ख) संघीय सरकारको बजेट वक्तव्यमा बालिकाका सवाल (२०८०/०८१)

☞ बुँदा नं. २०१ : हाल प्रदान गरिदै आएको विपन्न, दलित, सीमान्तकृत लगायतका विद्यार्थीलाई लक्षित छात्रवृत्ति तथा मुलुकभरका छात्रालाई प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रमलाई

निरन्तरता दिएको, विद्यालय तह, प्राविधिक तथा उच्च शिक्षामा गरी रु. ३ अर्ब २ करोड विनियोजन, यसबाट आगामी वर्ष करिब २६ लाख छात्रछात्राहरु लाभान्वित हुने, मुसहर, डोम र चमार विद्यार्थीलाई चिकित्सा तर्फको उच्च शिक्षामा प्रदान गरिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइएको छ ।

- ☞ बुँदा नं. २०३ : विद्यालय तहका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिई रु. १ अर्ब ४२ करोड विनियोजन, यसबाट करीब १० लाख छात्रा लाभान्वित हुनेछन् ।
- ☞ बुँदा नं. २३४ : पाठेघरको क्यान्सर रोकथामका लागि ९ देखि १४ वर्षका बालिका लक्षित एच.पी.भी. खोप कार्यक्रमलाई विस्तार गरिनेछ । सबै संघीय अस्पतालमा बाँझोपन तथा नि:सन्तान उपचार सेवा क्रमश: विस्तार गरिनेछ ।
- ☞ बुँदा नं. २८२ : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रहरी र सम्बद्ध संघसंस्थासँगको समन्वयलाई प्रभावकारी बनाइनेछ । मानव बेचबिखन र महिला हिंसा विरुद्ध समुदायमा सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।
- ☞ बुँदा नं. २०२ : सामुदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिन रु. ८ अर्ब ४५ करोड विनियोजन, दिवा खाजामा जङ्क फुड दिन नपाइने व्यवस्था, स्थानीय तथा रैथाने कृषि उपजबाट तयार गरिएको पौष्टिक आहार उपलब्ध गराइने तथा यसबाट करिव ३२ लाख विद्यार्थी लाभान्वित हुनेछन् ।
- ☞ बुँदा नं. २२८ : "क्षयरोग मुक्त नेपाल अभियान" अन्तर्गत रोगीहरुको पहिचान गर्न र नि:शुल्क औषधि उपलब्ध गराउन रु. १ अर्ब १५ करोड विनियोजन गरिएको छ ।
- ☞ बुँदा नं. २३८ : सबै नागरिकलाई न्यूनतम आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिएको छ ।
- ☞ बुँदा नं. २७६ : महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र दुर्व्यवहारको अन्त्य गरिनेछ । कुरीति, कुप्रथा र अन्धविश्वासबाट समाजलाई मुक्त गर्न सामाजिक जागरण अभियान एवम् सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ बुँदा नं. २७९ : सबै प्रकारका बालश्रम र शोषणको अन्त्य गरिने छ ।
- ☞ बुँदा नं. २८२ : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रहरी र सम्बद्ध संघसंस्थासँगको समन्वयलाई प्रभावकारी बनाइनेछ । मानव बेचबिखन र महिला हिंसा विरुद्ध समुदायमा सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।
- ☞ बुँदा नं. २८६ : बालबालिकालाई दिइदै आएको सामाजिक सुरक्षा भत्ताका लागि रकम विनियोजन गरेको छु । छात्रवृत्ति, स्वास्थ्योपचार, स्वास्थ्य बिमा लगायतका क्षेत्रमा प्रदान गरिएको सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

### पाँच राजनीतिक दलको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प २०८०

चैत्र ६ गते सार्वजनिक गरिएको छ । यस सङ्कल्पको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा अन्तर्गत नि:शुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन तथा नियमावलीको मर्म र भावना कार्यान्वयन गरी जनताको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने, भत्ताका रुपमा सुरु गरिएको सामाजिक संरक्षणका कार्यक्रम (ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका हितका कार्यक्रम आदि) लाई रूपान्तरण गर्ने स्वदेश तथा विदेशमा, ज्याला, रोजगारी तथा स्वरोजगारीमा रहेका सबैलाई समेट्ने गरी सुरु गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम (स्वास्थ्य बीमा, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष आदिले दिइरहेको सेवा) सुदृढ गर्ने रहेको छ । यसैगरी महिला सहभागिता, सशक्तिकरण र सामाजिक समावेशिता अन्तर्गत बालबालिकामाथिको दुर्व्यवहार, महिला हिंसा, मानव बेचबिखन, बलात्कार, बँधुवा श्रम, छुवाछुत, गुण्डागर्दी, लागुपदार्थ दुर्व्यसन, छाउपडी, दाइजो तथा तिलक प्रथाजस्ता सामाजिक विकृति र शोषण सारभूत रुपमा अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने । बलात्कारसम्बन्धी मुद्दाको द्रुत छिनोफानो गर्न अदालतमा तदनुरुपको व्यवस्था गर्ने, दलित, मुसहर, पिछडा वर्ग, वादी, लोपोन्मुख तथा सीमान्तकृत अल्पसङ्ख्यक जाति, यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरुको अधिकार सुरक्षित गर्ने लगायतका कार्यक्रम बालिका तथा किशोरीहरूसँग प्रत्यक्ष सरोकार राख्ने रहेका छन् ।

## ९. प्रदेशगत नीति तथा कार्यक्रम (२०८०/०८१)

### क) कोशी प्रदेशमा बालिका लक्षित कार्यक्रमहरू (२०८०/०८१)

- ☞ बुँदा नं. ५५ : महिला, बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार गर्न "लक्षित समूह बहुपक्षीय पोषण कार्यक्रम" सञ्चालन गरिनेछ । महिलाहरूमा प्रजनन रुग्णता दर घटाउन रोकथाम तथा उपचार व्यवस्थापन सम्बन्धी कार्यक्रम गरिनेछ । समाजमा पछि परेको वर्ग तथा समुदायलाई स्वास्थ्य सेवाको सुलभ प्राप्ती व्यवस्था मिलाई स्वास्थ्य बिमा, स्वास्थ्य शिक्षा लगायत अन्य जनस्वास्थ्यका विधिहरूको स्थानीय तहसँगको सहकार्यमा कार्य सञ्चालन गरिनेछ ।
- ☞ बुँदा नं. ९६ : प्रदेशमा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, लोपोन्मुख, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षण बिहीन व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, मधेशी, मुस्लिम लगायत पछाडि परेका समुदायको विकासका लागि आवश्यक समन्वय र साझेदारी सहित लक्षित वर्गमैत्री सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा एकल महिला उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ बुँदा नं. ९७ : लैङ्गिक हिंसा अन्त्यका लागि स्थानीय तहमा संरक्षण कोषको व्यवस्था गर्न सहजीकरण गरिनेछ । लैङ्गिक हिंसापीडित महिला तथा बालिकाको संरक्षण एवं पुनर्स्थापनाका लागि प्रदेश सरकारद्वारा सञ्चालित दीर्घकालीन पुनर्स्थापना गृह र स्थानीय तह तथा सामाजिक विकास संस्थामार्फत सञ्चालित अल्पकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग तथा सहकार्य गरिनेछ ।
- ☞ बुँदा नं. ९८ : सन् २०२५ सम्ममा बालविवाहमुक्त प्रदेश बनाउने अभियानलाई सफल पार्न प्रदेशका सामुदायिक माध्यमिक विद्यालयहरुमा स्थानीय तहसँगको सहकार्यमा किशोरी सशक्तीकरण कार्यक्रम क्रमश: विस्तार गरिनेछ ।

☞ बुँदा नं. ९९ : सडक आश्रित बालबालिकामुक्त गरी बालमैत्री प्रदेश निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको समन्वय र सहकार्यमा सडक बालबालिकाको संरक्षण तथा व्यवस्थापनमा जोड दिइनेछ । सहयोगापेक्षी सडक मानवहरूको उद्धार तथा पुनर्स्थापना गर्दै सडक मानवमुक्त प्रदेश निर्माण अभियान सञ्चालन गरिनेछ ।

## ख) मधेश प्रदेश (२०८०/०८१)

☞ बुँदा नं. ९३ : संघीय सरकार स्थानीय तह एवम् सरोकारवालासँगको साझेदारीमा पूर्ण सुरक्षित मातृत्व प्रदेश, पूर्ण खोप युक्त प्रदेश, कुपोषण मुक्त प्रदेश बनाउन प्रदेश सरकार प्रतिबद्ध रहनेछ ।

☞ बुँदा नं. १२७ : डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिवृद्धि गर्न दलित शिक्षा अभियान अन्तर्गत प्रत्येक बालबालिकाको खातामा शिक्षा बिजक रकम उपलब्ध गराईनेछ ।

☞ बुँदा नं. १२८ : मधेश प्रदेशको पिछडावर्गको हकहित संरक्षण एवं सशक्तिकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ र संस्थागत संरचना निर्माण गरिनेछ ।

☞ बुँदा नं. १६४ : सुरक्षित बेटी अभियान, बाल हिंसा, महिला हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि प्रहरी, स्थानीय तह तथा विद्यालयहरू सँगको सहकार्य गरिने छ बालबालिकालाई आफ्नो आत्मरक्षाको लागि वभाि म्भाभलकभ त्चबष्लष्लन को व्यवस्था गरिनेछ ।

☞ बुँदा नं. १६९ : मधेश आन्दोलन, जनयुद्ध लगायत जनआन्दोलनका शहिद तथा पीडित परिवारको सम्मान, आर्थिक सहायता, भरणपोषण, छात्रवृत्ति, रोजगारमुलक तालिम लगायतका परिपूर्ण कार्यक्रमलाई विभिन्न सरोकारवालाहरूको समन्वय र सहकार्यमा थप प्रभावकारी बनाईनेछ ।

☞ बुँदा नं. १७५ : पोषण मैत्री स्थानीय शासनका लागि सबै स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।

## ग) बागमती प्रदेश (२०८०/०८१)

☞ बुँदा नं. १४ : सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य लगायतका सेवालाई संघ तथा स्थानीय तहसँगको सहकार्यमा उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

☞ बुँदा नं. २२ : नियमित खोप कार्यक्रमलाई प्रवर्धन गर्दै खोप अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । किशोरीहरूलाई पाठेघरको क्यान्सरबाट बचाउन संघीय सरकारसँगको समन्वयमा HPV खोप लगाउने व्यवस्था मिलाइनेछ । महिलाहरूमा हुने पाठेघरको मुख तथा स्तन क्यान्सर पहिचान गर्न शैलजा आचार्य महिला क्यान्सर परीक्षण अभियान सञ्चालन गरिनेछ ।

- बुँदा नं. ३६ : महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन् । लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । लैङ्गिक हिंसाबाट प्रभावितहरूको लागि उद्धार, राहत, मनोसामाजिक परामर्श र पुर्नस्थापना सम्बन्धी सामाजिक सुरक्षाका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- बुँदा नं. ३८ : बाल विकास र बाल अधिकार सम्बन्धी सरोकारवाला निकायको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । आमा र बुवा दुवै नभएका बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्यमा निरन्तरता दिइनेछ । "प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाह मुक्त बागमती प्रदेश" अभियानमा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।

## घ) गण्डकी प्रदेश (२०८०/०८१)

- बुँदा नं. १९ : दश वर्षमुनिका बालबालिका तथा साठी वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई प्रदेश सरकार मातहतका अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रहरूमा ओ.पि.डी. सेवा र प्रयोगशाला परीक्षण निःशुल्क गरिने छ । साथै, "गण्डकीमा डायलायसिस सेवाः नागरिकको स्वास्थ्यमा टेवा" भन्ने अवधारणा अनुसार डायलायसिस सेवालाई झन्झटमुक्त बनाउँदै पालो कुर्नुपर्ने अवस्थालाई शून्यमा झारिने छ ।
- बुँदा नं. २७ : पूर्ण खोपयुक्त प्रदेशलाई दिगो बनाई राख्न खोप सेवा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । निमोनिया र पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ । बालबालिका, किशोरी र महिलाहरूको पोषण स्थितिमा सुधार ल्याउन तथा पोषण सम्बन्धी व्यवहार परिवर्तनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै आयुर्वेद, प्राकृतिक तथा अन्य वैकल्पिक चिकित्सा सेवालाई समय सापेक्ष र प्रभावकारी बनाइनेछ ।
- बुँदा नं. २६ : गण्डकी प्रदेशमा बालबालिकाको उपचारका निम्ति सुविधा सम्पन्न बाल अस्पताल सञ्चालनका लागि साझेदारी गरिनेछ ।
- बुँदा नं. २९ : विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ जीवनशैली प्रवर्द्धन गर्न "विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम" तथा "विद्यालय नर्स कार्यक्रम" लाई विस्तार गरिनेछ ।
- बुँदा नं. ३२ : किशोरीहरूको मर्यादित महिनावारी प्रवर्द्धनमा ध्यान दिँदै स्थानीय तहको समन्वयमा प्रदेशभित्रका सबै स्वास्थ्य संस्थामा निःशुल्क स्यानीटरी प्याड वितरणको सुविधा उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराइने स्यानीटरी प्याडमा स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ । साथै महिनावारी विभेद अन्त्य गर्न सबै सरोकारवालाको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बुँदा नं. ५० : लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयनको लागि लैङ्गिक हिंसा एवं मानव बेचबिखन तथ ओसारपसारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण मनोसामाजिक परामर्श, पारिवारिक पुनर्एकीकरण तथ पुनर्स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै प्रदेशस्तरमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ ।

- ☞ बुँदा नं. ५७ : दाइजो प्रथा, बोक्सी प्रथा, जातीय छुवाछुत, लैङ्गिक विभेद लगायतका सामाजिक कुरीति विरुद्ध सचेतनामूलक अभियानलाई निरन्तरता दिइनेछ ।
- ☞ बुँदा नं. ५१ : बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धन गर्न स्थानीय तहहरूलाई प्रोत्साहन गरिनेछ । बालबालिकाको आपतकालीन उद्धार र संरक्षणका लागि बालबालिका खोजतलास तथा हेल्पलाइन सेवा विस्तार गरी विद्यालयदेखि सर्वसाधारणसम्म पहुँच अभिवृद्धि गरिनेछ ।
- ☞ बुँदा नं. ५२ : "सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश कार्यक्रमलाई निरन्तरता दिइनेछ । नागरिकलाई सडक मानव बन्नुपर्ने अवस्थाबाट रोक्नका लागि मनोसामाजिक परामर्श सेवा लगायत सामाजिक तथा आर्थिक सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- ☞ बुँदा नं. ५४ : प्रदेश र स्थानीय तहमा निर्माण हुने संरचनाहरूलाई महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री बनाउने नीति अवलम्बन गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- ☞ बुँदा नं. ७७ : खाद्य तथा पोषण सुनिश्चितताका लागि ग्रामिण पोषण सुरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ङ) लुम्बिनी प्रदेश (२०८०/०८१)

- ☞ बुँदा नं. ३२ : बाल श्रम र बाध्यकारी श्रमको अन्त्य, सीमान्तकृत वर्गको समान पहुँच सुरक्षित हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ बुँदा नं. ८१ : उच्च शिक्षामा दिँइदै आएको विपन्न लक्षित छात्रवृत्तिलाई निरन्तरता दिई मुक्त कमैया, कमलरी, बादी, गन्धर्व, चिडीमार, पासी लगायत अतिसीमान्तकृत वर्गका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गरी प्रोत्साहन गर्ने नीति लिइनेछ । विज्ञान शिक्षा अध्ययनरत छात्रालाई दिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।
- ☞ बुँदा नं. ८९ : विकास सूचाङ्कका आधारमा प्रदेशलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री प्रदेशका रूपमा विकास गर्ने नीति लिइनेछ । लैङ्गिक हिंसामुक्त प्रदेश निर्माणको अवधारणा अनुरुप संघ र स्थानीय तहसँगाको समन्वयमा कार्यस्थलमा हुने हिंसा लगायत लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- ☞ बुँदा नं. ९३ : स्थानीय तह एवं सरोकारवालासँगाको समन्वय र सहकार्यमा बालविवाह, बालश्रम, सडक बालबालिकामुक्त स्थानीय तह निर्माण गरिनेछ । अभिभावकविहीन एवम् कठिन परिस्थितिका बालबालिकाको संरक्षण तथा पालन पोषणका लागि संघसँगाको सहकार्यमा प्रदेशस्तरीय बालसंरक्षण गृह निर्माण गरिनेछ र बालकोषको परिचालन गरिनेछ ।
- ☞ बुँदा नं. ९५ : बालगृह, वृद्धाश्रम, ज्येष्ठ नागरिकका सेवा केन्द्र लगायतका संरक्षण केन्द्रमा आश्रित व्यक्तिका लागि खानपान, स्वास्थ्य, शिक्षा आदि कार्यमा सहयोगका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

☞ बुँदा नं. ९६ : सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माण कार्यलाई निरन्तरता दिइनेछ । ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षणका लागि रुपन्देहीमा प्रदेशस्तरीय सुविधासम्पन्न ज्येष्ठ नागरिक ग्राम र अपाङ्गता नागरिक ग्राम निर्माणको लागि जग्गा प्राप्ती गरी कार्य सुरु गरिनेछ । अपाङ्गता भएका व्यक्तिको संरक्षणका लागि स्थापित पुनर्स्थापना केन्द्र सुदृढ गरी सञ्चालनमा सहयोग गरिनेछ ।

☞ बुँदा नं. ११२ : मुटुको भल्भ प्रत्यारोपण, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा प्रति व्यक्ति दुई लाख रुपैयाँको सहुलियत र गरिबीको रेखामुनि रहेका नागरिकलाई दम तथा ब्रोङ्काइटिसजन्य रोगमा स्वास्थ्य उपचार सहायतालाई निरन्तरता दिइनेछ ।

☞ बुँदा नं. ११३ : बढ्दो आत्महत्याको न्यूनीकरण तथा मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्याको पहिचान, रोकथाम र उपचारको लागि स्वास्थ्य संस्था र समुदायस्तरमा योग, ध्यान तथा मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

## च) कर्णाली प्रदेशको नीति तथा कार्यक्रम (२०८०/०८१)

☞ बुँदा नं. ४५ : मातृ सुरक्षालाई ध्यानमा राखी बर्थिङ्ग सेन्टरमा अल्ट्रासाउण्ड सेवाको पहुँच बढाउन र बाल स्वास्थ्य पोषणमा सुधार गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । कर्णाली प्रदेश सरकारबाट विगतदेखि सञ्चालनमा रहेका सुत्केरी पोषण उपहार, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन र सामुदायिक स्वास्थ्य इकाइ सञ्चालन सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

☞ बुँदा नं. ४८ : सार्वजनिक विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी सेवा प्रवर्द्धन गर्न एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

☞ बुँदा नं. ५२ : दलित, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख तथा अतिविपन्न समुदायका बालबालिकालाई विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न छोरीबुहारी, दलित, अपाङ्ग तथा सीमान्तकृत र लोपोन्मुख समुदायका विद्यार्थीलाई सीपमूलक प्राविधिक शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्ति प्रदान गरिनेछ ।

☞ बुँदा नं. ५५ : मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपालको संविधानमा उल्लेखित मानवअधिकार, सामाजिक न्याय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रदेश शासन व्यवस्थाको आधारभूत मूल्यमान्यताको रुपमा संस्थागत गर्दै लगिनेछ । बालविवाह, बहुविवाह, बोक्सी प्रथा, छुवाछुत, छाउपडी प्रथा, घरेलु तथा लैङ्गिक हिंसा, लागु औषध, मानव बेचबिखन, अपाङ्गता र ज्येष्ठ नागरिकलाई गरिने विभेद जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय तह र विकास साझेदारहरुसँगको सहकार्यमा टोल स्तरीय सामाजिक रूपान्तरण समिति गठन गरी प्रदेश प्रमुख सामाजिक रूपान्तरण कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ ।

☞ बुँदा नं. ५६ : सामाजिक रुपान्तरणमा उल्लेखनीय काम गर्ने स्थानीय तहलाई प्रोत्साहन गरिनेछ । बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त, बालविवाहमुक्त, घरेलु तथा लैङ्गिक हिंसामुक्त र वातावरणमैत्री स्थानीय तह घोषणा गर्न सहयोग र समन्वय गरिनेछ । घरेलु तथा

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि स्थानीय तहसँगको सहकार्यमा पुनर्स्थापना र अल्पकालीन सेवालाई निरन्तरता दिइनेछ । बालविज्याईंमा संलग्न बालबालिकाको लागि बालसुधार गृह स्थापना गरिनेछ ।

☞ बुँदा नं. ५८ : प्रदेश सरकारबाट सञ्चालित "बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको" कार्यक्रमलाई आवश्यक परिमार्जन सहित निरन्तरता दिइनेछ ।

☞ बुँदा नं. ९० : जनआन्दोलन, जनयुद्ध र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने सहिद तथा बेपत्ता भएका व्यक्तिको परिवार, घाइते र अपाङ्गता भएका व्यक्तिको नि:शुल्क स्वास्थ्य उपचार, सीप विकास, संरक्षण तथा पुन:स्थापनाका साथै सहिद परिवारको लागि सहिद स्मृति भत्ता र घाइते अपाङ्गता भएका व्यक्तिहरुको जीवन निर्वाहभत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । द्वन्द्वपीडित, सहिद परिवार, असहाय, अनाथ, विकट हिमाली क्षेत्रका विपन्न र आर्थिक सामाजिक रुपमा सीमान्तकृत बालबालिकालाई सुगम क्षेत्रको सार्वजनिक विद्यालयसँग सहकार्य गरी नियमित पठनपाठनको व्यवस्था मिलाइनेछ । छिमेकी प्रदेशको सहकार्यमा घाइते अपाङ्गहरुको लागि पुनर्स्थापना केन्द्रको स्थापना गरिनेछ ।

## छ) सुदूरपश्चिम प्रदेश (२०८०/०८१)

☞ बुँदा नं. ७० : विद्यालय नर्स कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ । बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमलाई विस्तार गरिनेछ ।

☞ बुँदा नं. ७३ : अति सीमान्तकृत वर्गको रुपमा रहेको बादी समुदायका बालबालिकाको विद्यालय शिक्षामा सहज पहुँचको लागि "बादी उत्थान छात्रवृत्ति कार्यक्रम" कार्यान्वयन गरिनेछ । विपन्न परिवारका छात्रछात्राहरुको प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गरिनेछ ।

☞ बुँदा नं. ८१ : "मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम" अन्तर्गत स्वास्थ्य सेवा विस्तार एवम् सुधार र लक्षित वर्गको पोषण सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेशमा कुपोषण न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजना अन्तर्गत स्वास्थ्य सेवा एवम् पोषण सामग्री वितरण कार्यलाई थप विस्तार गरिनेछ । गर्भवती, सुत्केरी, वृद्धवृद्धा लगायत लक्षित वर्गलाई स्वदेशी कृषि उपज एवम् रैथाने बालीबाट उत्पादित पोषण सामग्रीसहितको किट उपलब्ध गराइनेछ ।

☞ बुँदा नं. ८७ : सहयोगापेक्षी सडक मानवमुक्त सुदूरपश्चिम अभियान सञ्चालनमा स्थानीय तह, निजीक्षेत्र र गैरसरकारी संघसंस्थासँग साझेदारी गरिनेछ ।

☞ बुँदा नं. ८९ : स्वास्थ्यमा सबैको पहुँचका लागि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । गरिब र असहाय बिरामीको स्वास्थ्य उपचारमा सहायता र पहुँचका लागि सामाजिक सुरक्षा इकाइलाई थप व्यवस्थित र सुदृढ गरिनेछ । "स्वास्थ्य सुरक्षाका लागि बिमा" भन्ने नाराका साथ संघ सरकारसँगको समन्वयमा स्वास्थ्य बिमालाई थप विस्तार तथा प्रभावकारी बनाइनेछ ।

☞ बुँदा नं. ९१ : ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाको क्षमता अभिवृद्धि गरी जीवनस्तर सुधार गरिनेछ । विपन्न, संकटग्रस्त, वञ्चितीमा परेका महिलाको क्षमता विकास तथा सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्नुका साथै विशेषत: थारु, बादी, राजी, सोनाहाँ, कम्लहरी, मुक्त कमैया र राउटे समुदायका महिला तथा किशोरीका लागि लक्षित आर्थिक तथा सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ ।

☞ बुँदा नं. ९२ : बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गरिनेछ । बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि आपत्कालीन कोष स्थापना गरिनेछ ।

☞ बुँदा नं. १२६ : मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धनका लागि नेपाल सरकारबाट स्वीकृत मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । प्रदेशमा मौलिक हक तथा मानव अधिकारको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन गरी मानव अधिकार प्रोफाइल तयार गरिनेछ । समन्वय, सहकार्य र सहकारिता, संविधान कार्यान्वयनको प्रभावकारिताको सिद्धान्त अनुसार संविधानमा रहेका अधिकार सूची तथा कार्यविस्तृतीकरण र प्रदेशमा बनेका कानुनहरुको विश्लेषण गरी तर्जुमा तथा संशोधन गर्नुपर्ने कानुनको प्राथमिकीकरण कार्ययोजना बनाइ कानुन तर्जुमा प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

☞ बुँदा नं. १२७ : समाजमा रहेका छुवाछुत तथा भेदभाव, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव बेचबिखन, मानव अधिकार हनन र विद्युतीय अपराध विरुद्ध सचेतनामूल कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

तिनैतहका सरकारका कार्यक्रममा प्रत्यक्ष रुपमा बालिका केन्द्रित कार्यक्रम कमै भएपनि बालबालिकासँग सम्बन्धित कार्यक्रममा पनि बालिकाहरु पर्ने गर्दछन् । भएका कार्यक्रमलाई कार्यान्वयन गर्नसके सुधार ल्याउन सकिन्छ ।

## १०. बालिका अधिकारको संरक्षण र संवर्धन गर्नका निम्ति सरोकारवालाको भूमिका

### क) बालबालिका स्वयंको भूमिकाः-

- आफ्नो अधिकारका विषयमा सचेत रहने,
- बालिका अधिकार संरक्षणका विषयमा विद्यालय, बालक्लब, परिवार र समुदायमा छलफल र वहस पैरवी गर्ने,
- बालक्लबको प्रत्येक वैठकको एउटा प्रस्ताव बालिकाका विद्यमान सवाललाई बनाउने,
- स्थानीय तहमा बालिका फोकल पर्सन राख्नका निम्ति स्थानीय तहलाई सुझाव प्रदान गर्ने,
- बालिकाका सवाललाई आफू सहभागी हुने सबै कार्यक्रम र वैठकहरूमा एक प्रस्तावका रूपमा राख्न अनुरोध गर्ने,

- आफूमाथि कुनै प्रकारको हिंसा भईहालेको अवस्थामा कुनै कुराको प्रलोभन र प्रभावमा नपरी सही न्यायका निम्ति सजग रहने र न्यायका निम्ति आवाज उठाउने, उजुरी गर्ने,
- बालिका अधिकार संरक्षण र प्रवर्द्धनका निम्ति सरोकारवालासँग पैरवी र साझेदारी गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- बालक्लबमा कम्तिमा ५०% बालिका सहभागिताको शुनिश्चितता गर्ने, आदि ।

## ख) बालिका अधिकार संरक्षणमा परिवार तथा समुदायको भूमिका

- बालिका वा छोरीप्रति हेर्ने दृष्टिकोणमा सकारात्मक सोचको विकास गर्ने,
- छोरा र छोरी वा बालक र बालिकाप्रतिको समान व्यवहार गर्ने,
- बालिकालाई शिक्षा र स्वास्थ्य उपचार र क्षमता विकास लगायतका व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउने,
- परिवार र समुदायमा छोरी/बालिकाको लागि माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन प्रदान गर्ने,
- बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी कुनै पनि श्रममा नलगाउने तर बाल काम, सिकाइ सामाजिकीकरणमा प्रेरित गर्ने,
- बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र नपठाउने,
- छोरी वा बालिकामाथि कहिकतै हिंसा तथा दुर्व्यवहार भएको अवस्थामा उनीहरूको पूर्ण साथ दिने र संरक्षण गर्ने, पीडकलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायलाई पीडितको पक्षबाट सहयोग गर्ने तथा बालिकालाई उचित बालमैत्री वातावरण तयार गर्ने,
- बालिकाका कुरा सुनिदिनु र उनीहरूमाथि परेको समस्याको सम्वोधनमा सहयोग गरी बालमैत्री वातावरण तयार गर्नु, उनीहरूसँगै खेलिदिने, छलफल तथा अनुभव आदानप्रदान गर्ने,
- आफ्ना बालिका वा छोरीलाई उनीहरूमाथि कुनै विपत्ति आइपरेमा वा समस्या परेमा बाल हेल्पलाइन नम्बर १०९८, बालबालिका खोजतलास नम्बर १०४, नेपाल प्रहरीको १०० नम्बर, स्थानीय बाल कल्याण अधिकारीको सम्पर्क नम्बरमा यथासक्य छिटो सूचना प्रवाह गर्न सिकाउने र आफूले पनि यस्ता विषयमा जानकारी राख्ने,
- जोखिममा पर्नसक्ने सम्भावनाका विषयमा छोरीहरू वा बालिकालाई जानकार गराउने, आदि ।

## ग) बालिका अधिकार संरक्षणमा विद्यालयको भूमिका

- बालिकामैत्री विद्यालयको वातावरण तयार गर्ने,
- छात्राहरूमाथि हिंसा र दुर्व्यवहार तथा बालिका विरुद्धको कसूर के हुन् ? यसले बालिकामा पार्ने प्रभावका विषयमा विभिन्न समयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने,

- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ अनुसार बाल संरक्षण मापदण्डमा बालिका वा छात्राका सवाललाई थप प्राथमिकताका साथ तयार गर्ने,
- बाल संरक्षण प्रणालीको विषयमा जानकारी दिने, समान सहभागिताका आधारमा बालक्लब गठन गरी नियमित बैठक र क्रियाकलापहरूमा सक्रिय सहभागी गराउने, बालिकामा आइपर्ने समस्याका विषयमा सबैलाई सचेत गराइ समयानुकूल परिमार्जन समेत गर्ने,
- छुट्टै बालिकाक्लबको गठन गरी बालिकाका सवालमा मात्र पनि छलफल गर्ने वातावरण तयार गर्ने,
- बालिकालाई आफूमाथि आइपर्ने समस्याका विषयमा सचेत गराउने र समुदायलाई पनि सचेत गराउन सहयोग गर्ने,
- विद्यालय परिवार बाल अधिकारप्रति सदैव सचेत र सजग हुने,
- उनीहरूप्रति हुने यौनजन्य दुर्व्यवहार र हिंसाका सन्दर्भमा बालिकाहरूमा सून्य सहनशीलताको सोच विकास गराउने,
- विद्यालयको व्यवस्थापन समितिको वैठकमा बालिकाको अर्थपूर्ण सहभागिता गराउने,
- बालिकामैत्री शौचालय, प्राथमिक उपचार, महिनावारी प्याडको व्यवस्था गर्ने,
- लैङ्गिक फोकल शिक्षिका तोक्ने,
- गुनासो पेटिका राखी सुनुवाइको सम्यन्त्र बनाउने, बालिकालाई खेलकुदमा प्रेरित गर्ने, आदि ।

## घ) सामाजिक संघसंस्थाहरूको भूमिका

- विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिमपूर्ण अवस्थामा रहेका बालिकाको उद्धार, संरक्षण र व्यवस्थापन प्रक्रियामा राज्यको सहयोगीको भूमिका निर्वाह गर्ने,
- बालिका अधिकार संरक्षण र संवर्धनमा राज्यको सहयोगीका रूपमा भूमिका निर्वाह गर्ने,
- बालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारका विषयमा सचेतनामूलक कार्यक्रम, अन्तरक्रिया, अभियानहरू सञ्चालन गर्ने,
- बालिका अधिकार, सबैको सरोकारको मूल धेयलाई आत्मसात गर्दै बालिकाको हक, हित र अधिकारको सुनिश्चितताका लागि स्थानीय, प्रदेश र संघीय सरकारलाई सहयोग गर्ने,
- नेपाल सरकारसँगको अनुमतिमा मापदण्ड अनुरूप बाल हेल्पलाइन सेवा, अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्र लगायतका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको निम्ति सेवा प्रवाह गर्ने,
- पीडित तथा प्रभावितको पक्षमा वकालत तथा पैरवी गर्ने,
- बालबालिका सम्बन्धी ऐन कानुन नियमावली कार्यान्वयन गर्न सुधार गर्न सहजीकरण गर्ने,
- बालिकाको लागि लगानी गर्न सरकारलाई ध्यानाकर्षण गराउने, आदि ।

## ङ) नेपाल प्रहरीको भूमिका

- बालिकामाथि हुनसक्ने हिंसा तथा दुर्व्यवहारका घटनाको न्यूनीकरण गर्नको लागि तीन तहका सरकारलाई सहयोग गर्ने,
- बालिकाका मुद्दालाई समयमा नै उजुरी दर्ता गराउने र सम्बन्धित निकायसँगको सहकार्यमा मुद्दाको सम्वोधनका लागि सहयोगीको भूमिका निर्वाह गर्ने,
- सरोकारवाला निकायसँगको सहकार्यमा हराएका बालिकाहरूको खोजी, हराएर फेला परेका बालिकाहरूको परिवारको खोजी, सडकमा अलपत्र अवस्थामा रहेका बालिकाको उद्धार, वेवारिसे अवस्थामा रहेका बालिकाको उद्धार, अलपत्र छाडिएका, बालविवाहमा परेका, बाल श्रमिकको रूपमा राखिएका बालिकाहरूको उद्धार तथा पारिवारिक पुर्नस्थापनाको कार्य, बालिकामाथि हुने हिंसा, दुर्व्यवहार लगायतका विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सबै बालबालिकालाई सुरक्षाको अनुभूति दिलाउने,
- शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा बालिका, किशोरी, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका बालिकाका सवालहरूलाई प्राथमिकतामा राख्ने, उद्धार, राहत, पुर्नर्स्थापना, कानुनी उपचार, क्षतिपूर्ति उपलब्ध गराउन सहजीकरण गर्ने, आदि ।

## च) स्थानीय तहको भूमिका

- बाल संरक्षण तथा संवर्धन कार्यविधि निर्माण गर्ने, बालकोषको स्थापना गर्ने, बालकल्याण अधिकारी नियुक्ति गर्ने, बाल अधिकार समिति गठन गर्ने, समाजसेवी र बालमनोविज्ञको सूचीकरण गर्ने, बालबालिकाका क्षेत्रमा क्रियाशील संघसंस्था, बालगृह, बाल सुधार गृह लगायतका सेवाप्रदायकको सूचीकरण गरी आवश्यकताका आधारमा परिचालन गर्ने,
- विशेष संरक्षणको आवश्यकता भएका बालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउने,
- बालिकाको अधिकारको उलङ्घन गरेमा वा अभिभावक, राज्य र सञ्चारमाध्यमले बालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि स्थानीय न्यायिक समिति मार्फत पीडितका निवेदनका आधारमा आफ्नो कार्यक्षेत्रको दायरा अनुसार अधिकार प्रचलन गर्ने र गराउने,
- बालिकाको अधिकार उलङ्घन गरेको वा बालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा न्यायिक समितिमा निवेदन परेको तीस दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई निर्देशन दिने,
- बालिका अधिकारको संरक्षणका निम्ति बाल हेल्पलाइन नम्बर १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) लाई व्यवस्थित, मर्यादित, जवाफदेही र उत्तरदायी बनाउने,
- स्थानीय तहभित्र रहेका बालगृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र, बाल सुधार गृहको अनुगमन र नियमन तथा सूचीकरण गर्ने र बालिकामाथि कुनैपनि कसूरजन्य कार्य भएको थाहा हुनआएमा अभिभावकत्व निर्वाह गरी प्रभावितको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने,

- बालिकामाथि हुने कुनैपनि प्रकारका हिंसा तथा दुर्व्यवहारको अन्त्यका निम्ति घरदैलोको सरकारको रूपमा सिर्जित दायित्व पूरा गर्ने,
- हराएका, फेला परेका वेवारिस अवस्थामा फेला परेका बालबालिकाको उचित व्यवस्थापनका निम्ति काम गर्ने,
- बालिकाको अधिकारको प्रचलन वा बालिकाप्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले बालिका, संरक्षक वा परिवारका व्यक्तिलाई आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्ने,
- स्थानीय सरकारको नीति, कार्यक्रम, बजेट निर्माण र कार्यान्वयनमा बालिकाका सवाललाई पहिलो प्राथमिकतामा राख्ने,
- स्थानीय तहमा बालिका डेक्स स्थापना गर्ने,
- सबै विद्यालयमा विद्यालय नर्सको व्यवस्था गर्ने,
- योजना तर्जुमा गर्दा बस्तीस्तरदेखि नै बालक सरह बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- बालश्रममुक्त स्थानीय तह, बालमैत्री, पोषणमैत्री, वातावरणमैत्री, लैंङ्गिकमैत्री, अपाङ्गतामैत्री, युवामैत्री, बालबालिका राष्ट्रिय गौरव हुन्, विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन्, बालविवाह मुक्त अभियान तथा बाल संवदेनशीलता, अधिकार संरक्षण, बालिका हिंसा अन्त्यका लागि सचेतना जगाउने, आदि ।

## छ) प्रदेश सरकारको भूमिका

- प्रदेश स्तरमा नीति निर्माण तहमा बालिकाको अर्थपूर्ण सहभागिता गराउने,
- वार्षिक बजेट तथा कार्यक्रमको लागि स्थानीय तहमा पठाउने मार्गदर्शनमा बालिकाको विषय समावेश भएको सुनिश्चित गर्ने,
- बालमैत्री तथा बालिकामैत्री स्थानीय तह घोषणाको लागि सहजीकरण गर्ने,
- प्रदेश मातहतका निकाय तथा प्रदेश अर्न्तगतका स्थानीय तहमा सञ्चालित बालिका सम्बन्धी कार्यक्रमहरूको नियमित अनुगमन गरी पृष्ठपोषण दिने,
- बालिका तथा किशोरीका निम्ति तय गरिएका नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा अन्तर सरकार (संघीय र स्थानीय सरकारसँग) समन्वय, सहजीकरण तथा सहकार्य गर्ने,
- प्रदेश सरकार एवम् स्थानीय तहका नीति निर्माण एवम् विकास प्रयासमा बालिका तथा किशोरीको हकहितलाई स्थापित गराउन नीतिगत सहजीकरण गर्ने,
- बालिकाका मुद्धासँग सम्बन्धित स्थानीय तहमा विशेष कार्यक्रम सञ्चालन, समन्वय र सहजीकरण गर्ने,
- बालिकामैत्रीका सूचकको आधारमा स्थानीय तहमा सशर्त कार्यक्रम सञ्चालन गर्न समन्वय र सहजीकरण गर्ने,
- आपतकालीन वा विपद्को समयमा बालिका तथा किशोरीको हक, हित र अधिकारको सुनिश्चिततामा पर्न सक्ने जोखिमको पूर्व तयारीका लागि नीतिगत व्यवस्था तथा आवश्यक तयारी गर्ने,
- प्रदेश तहमा बालिका तथा किशोरीहरूको सवाल हेर्ने गरी मानव तथा आर्थिक स्रोत सहितको छुट्टै शाखा/निकायको व्यवस्था गर्ने,

## ज) संघीय सरकारको भूमिका

- संविधानमा मौलिक हकका रूपमा रहेको बालिका तथा किशोरीहरूको हक, हित र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन आवश्यक कानुन, नीति, संरचना र भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका साथै आवश्यक स्रोत साधनको व्यवस्था गर्ने/गराउने,
- बालिका तथा किशोरीहरूको अधिकारलाई प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्न समन्वय र सहजीकरण गर्ने,
- नेपाल सरकार, प्रदेश सरकार एवम् स्थानीय तहका नीति निर्माण एवम् विकास प्रयासमा बालिकाको हकहितलाई स्थापित गराउन नीतिगत सहजीकरण तथा आवश्यक परामर्श गर्ने,
- विद्यमान कानूनहरूलाई बालमैत्री, बालिकामैत्री, पोषणमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सहजीकरण र नेतृत्व गर्ने,
- बालिकाहरूलाई राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रममा अर्थपूर्ण सहभागिता गराउने,
- प्रदेश तथा स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बालिका तथा किशोरीहरूको अवस्था सुधार गर्ने क्रियाकलापहरू समावेश गर्न समन्वय र सहजीकरण गर्ने,
- वार्षिक बजेट तथा कार्यक्रमको लागि स्थानीय तहमा पठाउने मार्गदर्शनमा बालिका तथा किशोरीहरूका विषय समावेश भएको सुनिश्चित गर्ने,
- बालिका तथा किशोरीहरूका क्षेत्रमा कार्यक्रम तर्जुमा गरी बाल अधिकारको प्रवर्धन गर्न राष्ट्रिय योजना आयोग, क्षेत्रगत मन्त्रालय, प्रदेश तथा स्थानीय सरकार तथा विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने,
- बालिका तथा किशोरीसँग सम्बन्धित कार्यक्रमहरूको नियमित अनुगमन गर्ने र एकीकृत प्रतिवेदन प्रणाली (Intergrated Reporting system) को व्यवस्था मिलाउने,
- बालिका मैत्री तथा बालमैत्री स्थानीय तह घोषणाको लागि सम्बन्धित मन्त्रालय तथा विकास साझेदार निकायसँग समन्वय गर्ने तथा स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउने,
- बालिका तथा किशोरीहरूको समसामयिक समस्या सम्वोधन गर्न निजी क्षेत्र लगायत बहुसरोकारवालाको राज्यका तिनै तहमा सहभागिता सुनिश्चित गरी कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्न समन्वय र सहजीकरण गर्ने,
- बालिकामैत्री व्यवहारमा नकारात्मक प्रभाव हानिकारक अभ्यासहरूको न्यूनीकरणका निम्ति नीतिगत व्यवस्था गर्ने,

## झ) संवैधानिक आयोगहरूको भूमिका

- बालिका अधिकारका उलङ्घनका घटनाको छानविन गरी राज्यका निकायमा सिफारिस गर्ने,
- बालिका अधिकारको संरक्षणका लागि निरीक्षण तथा अनुगमन गर्ने, गराउने र बालिका तथा किशोरीहरूको अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने,

- बालिका अधिकारको उल्लघ्न भएको बारे अदालत समक्ष दाबी समावेश भएको विचाराधिन मुद्दाका विषयमा सम्बन्धित अदालतको अनुमतिबाट छानबिन गर्ने,
- बालिका अधिकार सम्बन्धी प्रचलित कानुनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- बालिका अधिकारको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,
- बालिका अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बिन्धित निकायमा सिफारिस गर्ने,
- बालिका अधिकारको विद्यमान अवस्था बारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने,
- आयोग भित्र बालिकाहरूका सवाल संवोधन गर्न छुट्टै डेक्स स्थापना गर्ने, आदि ।

## ञ) संयुक्त राष्ट्र संघीय निकाय तथा विकास साझेदार संस्थाको भूमिका

- नेपाल सरकारको नीति अनुसार बालिका तथा किशोरीहरूका क्षेत्रमा लगानी अभिवृद्धि गर्ने,
- विभिन्न तहका सरकारहरूसँग बालमैत्री तथा बालिकामैत्री नीति तथा योजनाहरूको निर्माण, विद्यमान नीतिगत व्यवस्थाहरूको कार्यान्वयन तथा भएका उपलब्धिहरूको दिगोपनाका लागि आवश्यक समन्वय र साझेदारी गर्ने,
- बालिकामैत्री र बालमैत्री स्थानीय तहका सूचक हासिल गर्न स्थानीय तहलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
- स्थानीय तहहरूको नीतिगत व्यवस्था, क्षमता विकास तथा स्रोतसाधनमा आवश्यक साझेदारी गर्ने,
- असल तथा नमुना अभ्यासहरूको अभिलेखीकरण तथा प्रवर्द्धन गर्ने ।

## ट) निजीक्षेत्रको भूमिका

- बालबालिकाका क्षेत्रमा काम गर्ने निजीक्षेत्रका कार्यालयले बाल संरक्षण मापदण्ड बनाएर लागू गर्ने,
- आफ्ना मातहतमा रहेका कार्यालयलाई बाल संरक्षण मापदण्ड बनाउनुको लागि निर्देशन दिने,
- सामाजिक दायित्व भित्रको बजेटलाई बालिकाको क्षेत्रमा लगानी बढाउने,
- अनौपचारिक क्षेत्रमा बालिकाहरूको प्रयोगलाई पूर्णरूपमा बन्देज गर्ने,
- बालिका अधिकारका विषयलाई पहिलो प्राथमिकतामा राखी सचेतनामूलक अभियानहरू सञ्चालन तथा यस्ता कार्यमा सक्रिय सहभागी हुने,
- निजीक्षेत्र भित्र भएका बालिका विरुद्धका हिंसा, दुर्व्यवहारका घटनालाई न्याय प्रदान गर्नका लागि सहयोग गर्ने,
- बालिका श्रमिक वा कर्मचारी नराख्ने, आदि ।

## ११. नागरिक सङ्गठनहरूको अनुरोध

नागरिक सङ्गठनहरू सरकार र राज्यसत्ताका सहयोगी तथा असल सहकर्मी हुन् । यस अर्थमा राज्यलाई बढी भन्दा बढी लोकतान्त्रिक, पारदर्शी, जनपक्षीय र प्रगतिशील बनाउन नागरिक संङ्गठनहरूले नागरिकका सवालहरूलाई राज्यका निकायसम्म एकीकृत रूपमा पुर्‍याउने कार्य गर्दछन् साथै राज्यका सकारात्मक नीतिगत र कार्यक्रमिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सहकार्य एवम् सहजीकरण तथा नागरिक अनुगमन र सचेतनाका कार्यहरू गर्दछन् । सारभूत रूपमा नै बालिका तथा किशोरीहरूको अवस्थामा सुधार गर्न र लैंङ्गिक समानतालाई स्थापित गर्न नागरिक संङ्गठनहरूले साझा रूपमा निम्न नीतिगत, संरचनागत र कार्यक्रमिक व्यवस्थाका लागि अनुरोध गर्दछन्:

- हानिकारक अभ्यासहरूको अन्त्यका निम्ति कानुनी व्यवस्था भए तापनि मानसिक रूपमा परिवर्तन ल्याउनका निम्ति अझै पहल गर्ने,
- लैंङ्गिक समानता सम्बन्धी एकीकृत विशिष्ट कानुनी व्यवस्था, अनिवार्य लगानीको व्यवस्था, बालिकालक्षित सामाजिक सुरक्षा कार्यक्रम, समान सहभागिताको अवसर, सुरक्षित समुदाय सुरक्षित विद्यालय सम्बन्धी नीति, सूचना प्रविधिको पहुँचमा समानता र सुरक्षा जस्ता नीतिगत व्यवस्था गर्ने,
- संघीय तहमा राष्ट्रिय बालअधिकार परिषद् अन्तर्गत स्वयम् बालिका तथा बालिकाका क्षेत्रमा कार्यरत नागरिक सञ्जालका प्रतिनिधिहरूको सहभागिता रहने गरी बालिका सरोकार उपसमिति र डेस्कको गठन गर्ने,
- संघीय संसद (प्रतिनिधि सभा)मा बालबालिकाको विषय हेर्ने समिति अन्तर्गत बालिका विशेष कार्यदलको गठन, राष्ट्रिय महिला आयोगमा तोकिएको आयुक्तको संयोजकत्वमा बालिका डेस्कको स्थापना, राष्ट्रिय मानव अधिकार आयोगमा मानव अधिकार आयोगका आयुक्त प्रमुख रहने गरी महिला तथा बालिका अधिकार डेस्कको स्थापना तथा सञ्चालन र संघीय प्रहरी अर्न्तगत महिला तथा बालिकाको सवाललाई सम्वोधन गर्न विशेष निर्देशनालयको स्थापना र सञ्चालन जस्ता संरचनागत व्यवस्था गर्ने,
- प्रदेश तहमा सम्बन्धित मन्त्रालय अन्तर्गतका बालबालिकाका विषय हेर्ने महाशाखा अन्तर्गत बालिका शाखाको स्थापना, प्रदेश बालअधिकार समिति अन्तर्गत स्वयम् बालिका सहित प्रदेशमा बालिकाको सवालमा कार्यरत नागरिक सञ्जालका प्रतिनिधिहरूको सहभागिता रहने गरी बालिका सरोकार उपसमिति र डेस्कको गठन गर्ने,
- प्रदेश सभामा बालबालिकाको विषय हेर्ने समिति अन्तर्गत बालिका विशेष कार्यदल, प्रदेशको नीति तथा योजना आयोगमा बालिका लक्षित कार्यक्रमहरू निर्माण, समन्वय र सञ्चालनका लागि नीतिगत र कार्यक्रमिक सुझाव प्रदान गर्न बालबालिका हेर्ने सदस्य अन्तर्गत अधिकृतस्तरको कर्मचारी सहित बालिका शाखा जस्ता संचरनागत व्यवस्था गर्ने,
- स्थानीय तहमा जिल्ला सभामा बालअधिकार तथा बालसंरक्षण हेर्ने समिति अन्तर्गत बालिका उपसमितिको गठन र सञ्चालन गर्ने,
- गाउँ/नगरपालिकामा स्थानीय बालअधिकार समिति अन्तर्गत बालिका विशेष कार्यदल, महिला बालबालिका एकाई अन्तर्गत बालिका डेस्कको स्थापना र सञ्चालन, प्रत्येक स्थानीय तहमा मनोविमर्श सेवा सहितको बाल हेल्पलाईनको व्यवस्था, प्रत्येक वडामा बालिका अधिकार संरक्षण सम्बन्धी सचेतना अभिवृद्धिको लागि बजेटको व्यवस्था गर्ने,

- विद्यालयमा माध्यमिक तहका सबै विद्यालयमा अनिवार्य रूपमा विद्यालय व्यवस्थापन समिति सदस्यको संयोजकत्वमा अविभावक शिक्षक संघ, महिला शिक्षक तथा दुई बालिकासहित् रहने बालिका अवस्था अनुगमन र सहजीकरण उपसमिति तथा प्रत्येक विद्यालयमा एकजना मनोसामाजिक विमर्शकर्ता र विद्यालय नर्सको व्यवस्था जस्ता संरचनागत व्यवस्था गर्ने,
- स्थानीय सार्वजनिक स्वास्थ्य संस्थाहरू अन्तर्गत प्रत्येक जिल्ला अस्पतालमा बालिका स्वास्थ्य र किशोरावस्थाका बारेमा प्रशिक्षण प्राप्त न्यूनतम २ जना महिला चिकित्सकको व्यवस्था । प्रत्येक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा बालिकाको विशेष स्वास्थ्य आवश्यकता र सवालहरूका बारेमा प्रशिक्षण प्राप्त स्वास्थ्य कर्मीको व्यवस्था जस्ता संचरनागत व्यवस्था गर्ने,
- प्रहरी चौकी तथा सेवा केन्द्रमा बालिकाविरुद्ध हुने हिंसा र अपराध तथा बालिकामैत्री व्यवहारबारे प्रशिक्षण प्राप्त महिला प्रहरीको नियुक्ति तथा जिल्ला प्रहरी कार्यालयमा न्यूनतम पनि प्रहरी निरीक्षकको नेतृत्वमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना र सञ्चालन जस्ता संचरनागत व्यवस्था गर्ने,
- नेपालका नागरिक सङ्गठनहरूबाट राष्ट्रिय, प्रदेश तथा स्थानीय तहसम्म बालिका अधिकार सरोकार नागरिक सञ्जाल स्थापना गरी नागरिक सङ्गठनहरूको एकीकृत तथा साझा अभियान सञ्चालन गर्ने,
- माध्यमिक तहसम्मका सबै बालबालिकालाई निःशुल्क विद्यालय खाजा कार्यक्रम, सबै बालिका तथा किशोरीहरूका लागि गुणस्तरीय निःशुल्क महिनावारी प्याड, विपन्न परिवारलाई पोषण भत्ता जस्ता कार्यक्रम सञ्चालन गर्ने,
- बालबालिकाको त्यसमा पनि बालिकाको अधिकार संरक्षण, संवर्धनका लागि तिनै तहका सरकारको कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनका लागि योजनाबद्ध ढङ्गबाट नागिरक संघसङ्गठनमा बालिकाहरूको समेत अर्थपूर्ण सहभागितामा कार्यन्वयन गर्ने, आदि ।

# सन्दर्भ सामग्रीहरू


नेपालको संविधान, २०७२

बालबालिका सम्बन्धी ऐन, २०७५

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मुलुकी देवानी संहिता, २०७४

बालबालिका सम्बन्धी नियमावली, २०७८

नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, २०८०/०८१

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

बालबालिका सम्बन्धी नियमावली, २०७८

राष्ट्रिय बालबालिका नीति, २०८०

बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०

वार्षिक प्रगति प्रतिवेदन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८०

शिक्षाको हक सम्बन्धी ऐन, २०७५

जनस्वास्थ्य सेवा ऐन, २०७५

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

अपराध पीडितको हकसम्बन्धी ऐन, २०७५

मुलुकी अपराध संहिता, २०७४

मुलुकी देवानी संहिता २०७४

बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ (संसोधन २०७५)

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र सजाय गर्ने ऐन, २०६४ (संसोधन २०७६)

खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन, २०७५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

बालबालिका सम्बन्धी नियमावली, २०७८

बहुक्षेत्रीय पोषण योजना (२०६९- २०७४)

बहुक्षेत्रीय पोषण योजनाको दोस्रो चरण (२०७५/७६-२०७९/८०)

बहुक्षेत्रीय पोषण योजना (तेस्रो) (२०७९/८०-२०८७/८८)

राष्ट्रिय पोषण रणनीति, २०७७

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८

राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकासको रणनीति, २०५७

राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकासको रणनीति, २०५७

पन्धौं योजना (२०७६/०७७-२०८०/०८१) पन्धौं योजना (२०७६/०७७-२०८०/०८१)

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

विद्यालय क्षेत्र विकास योजना (सन् २०१६/०१७–२०२२/०२३)

विद्यालय क्षेत्र विकास योजना (सन् २०१६/०१७–२०२२/०२३)

१० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३)

१० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३)

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

समावेशी शिक्षा नीति, २०७३ समावेशी शिक्षा नीति, २०७३

तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन), २०७९

ऐन तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन), २०७९ ऐन

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, सन् २०२२

नेपालमा जनसाङ्ख्यिक स्वास्थ्य. सर्वेक्षण २००१, २००६, २०११, २०१६ र २०१९

राष्ट्रिय जनगणना २०७८, संक्षिप्त जानकारी पुस्तिका

लैङ्गिक हिंसाको वार्षिक तथ्यपत्र, २०७९/०८०

राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशित मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९ ।



“**Empower** the girl, **Change** the world”

" किशोरीलाई सशक्तिकरण गरौं, बालमैत्री, पोषणमैत्री, युवामैत्री स्थानीय शासन प्रवर्द्धन गरौं।"

JCYCN 2001
Jagriti Child and Youth Concern Nepal
जागृति बाल तथा युवा सरोकार नेपाल

KANALLAN
GIVING RIGHT NOW


**Jagriti Child and Youth Concern Nepal (JCYCN)**

**Contact Office:**
Lalitpur Metropolitan City-03, Nayabato, Sanepa, Nepal
Phone: +977-01-5454717
Website: www.jagritinepal.org | Email: info@jagritinepal.org, jcycn2001@gmail.com

**Corporate Office:**
Devchuli Municipality-10, Nawalparasi (Bardaghat Susta West), Gandaki Province